nmc for good culture & prosperity

NMC coop 1994

33 औं वार्षिक साधारणसभा

# वार्षिक प्रतिवेदन

२०८२ मसिर ११-२०




असल संस्कार र समृद्धिका लागि एनएमसी

# नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, झापा

# सञ्चालक समिति


**ठाकुरप्रसाद सिवाकोटी**
अध्यक्ष


**रामचन्द्र उप्रेती**
निवर्तमान अध्यक्ष


**भगवती घिमिरे**
वरिष्ठ उपाध्यक्ष


**विष्णु गौतम**
उपाध्यक्ष


**विकासप्रसाद उप्रेती**
सचिव


**अम्बिकाप्रसाद ढकाल**
सहसचिव


**दुर्गाप्रसाद भट्टराई**
सदस्य


**सावित्रा दाहाल भट्टराई**
सदस्य


**सीताकुमारी श्रेष्ठ**
सदस्य


**राजु उप्रेती**
सदस्य


**पवित्रा न्यौपाने**
सदस्य


**हरिप्रसाद आचार्य**
सदस्य


**कुन्तादेवी खनाल**
सदस्य


**तोमप्रसाद भट्टराई**
सदस्य


**देवीप्रसाद उप्रेती**
सदस्य


**प्रेमप्रसाद मैनाली**
सदस्य

# लेखा सुपरीवेक्षण समिति


**रचना दाहाल**
संयोजक


**एकेन्द्र उप्रेती**
सदस्य


**फाल्गुनी दाहाल**
सदस्य

# कर्पोरेट व्यवस्थापन समूह



लक्ष्मीप्रसाद उप्रेती
प्रमुख कार्यकारी अधिकृत

## कर्पोरेट विभागीय प्रमुख



मनिष कोइराला
प्रमुख, प्रशासन विभाग



तेजकुमारी घिमिरे
प्रमुख, कानून तथा अनुपालन विभाग



सूर्यप्रसाद भट्टराई
प्रमुख, लेखा तथा वित्त विभाग



उत्तम भण्डारी
प्रमुख, आलेप विभाग



प्रकाश पौड्याल
प्रमुख, मानव संसाधन विभाग



लीलाराज कुवँर
प्रमुख, आइटी सर्पोट विभाग



अरुणकुमार प्रधान
प्रमुख, सामुदायिक विभाग



नवीन भण्डारी
प्रमुख, सफ्टवेयर मेनेजमेन्ट एण्ड नेटर्वक सेक्युरिटि विभाग

## व्यवसाय प्रमुख



जीवनमणी कटुवाल
प्रमुख, बचत तथा ऋण व्यवसाय



नवराज अधिकारी
प्रमुख, डेरी व्यवसाय



चेतन शर्मा
प्रमुख, एनएमसी एग्रो फार्म



वासुदेव खतिवडा
प्रमुख, सहकारी पसल व्यवसाय



रवीन्द्र पाण्डे
प्रमुख, चिया व्यवसाय

## क्षेत्रीय प्रमुख



हिरन कट्टेल
प्रमुख, मेची क्षेत्र



हरिमाया ओझा
प्रमुख, बिर्ता–अर्जुन क्षेत्र



प्रकाश सुवेदी
प्रमुख, भद्रपुर–केचना क्षेत्र



पारसचन्द्र भट्टराई
प्रमुख, कनकाई–रतुवा क्षेत्र (क)



कमलप्रसाद कट्टेल
प्रमुख, कनकाई–रतुवा क्षेत्र (ख)



होमनाथ मैनाली
प्रमुख, मोरङ क्षेत्र



अशोक पाठक
प्रमुख, इलाम क्षेत्र

# संस्थाद्वारा सञ्चालित व्यवसायहरू

nmc for good culture & prosperity

NMC coop 1994




corporateoffice@nmc.coop.np www.nmc.coop.np nmc-coop

023-566847/567188

असल संस्कार र समृद्धिका लागि एनएमसी

# नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

## ३३ औं वार्षिक साधारण सभा

(२०८२ मङ्सिर ११-२०)

## सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन

साधारण सभाका अध्यक्षज्यू
आदरणीय सदस्यज्यूहरू,
कर्मचारीवर्ग,
उपस्थित महानुभावहरू,

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. को विनियम २०५० (पुनर्लेखन २०७७) को बुँदा २६ बमोजिम ३३ औं वार्षिक साधारण सभाअन्तर्गत आज सम्पन्न हुने एकाइगत साधारण सभामा सहभागी सबैलाई सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत गर्दछु । हामीले यो ३३ औं वार्षिक साधारण सभालाई समान कार्यसूचीका आधारमा निम्न एकाइहरुमा निम्न मितिमा आयोजना गरिरहेका छौं :

| मिति | साधारण सभा एकाइ | समय | एकाइ |
|---|---|---|---|
| २०८२ मंसिर ११ गते बिहीबार | मेची | ११:३०-३:३० | १ |
| २०८२ मंसिर १२ गते शुक्रबार | इलाम | ११:३०-३:३० | ७ |
| २०८२ मंसिर १३ गते शनिबार | बिर्ता-अर्जुन | ११:३०-३:३० | २ |
| २०८२ मंसिर १४ गते आइतबार | मोरङ | ११:३०-३:३० | ६ |
| २०८२ मंसिर १५ गते सोमबार | कनकाई-रतुवा 'क' | ११:३०-३:३० | ४ |
| २०८२ मंसिर १६ गते मंगलबार | भद्रपुर-केचना | ११:३०-३:३० | ३ |
| २०८२ मंसिर १७ गते बुधबार | कनकाई-रतुवा 'ख' | ११:३०-३:३० | ५ |

एकाइगत साधारण सभा सम्पन्न भएपछि छनोट भएका प्रतिनिधिहरुको उपस्थितिमा २०८२ मङ्सिर २० गते शनिबार बिर्तामोड (झापा) मा ३३ औं वार्षिक साधारण सभाको माइन्युट प्रमाणित सभा सम्पन्न हुने छ ।

१. सहकारी क्षेत्रमा देखिएको समस्या र भावी परिदृष्य :

विभिन्न अभियानको नाममा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुमा संस्थाबाट लिएको कर्जा तिर्नु पर्दैन भन्नेदेखि कर्जा असुलीमा व्यवधान सिर्जना गर्ने सम्मका कार्यले संस्थाहरुको कर्जाको गुणस्तरमा नकारात्मक प्रभाव परिरहेको छ । अर्थात् भाखा नाघेको कर्जा बढिरहेको छ । बचत तथा ऋणबाहेकका एकल तथा बहुव्यवसाय गर्ने संस्थाहरुले शिथिल अर्थतन्त्र र आर्थिक मन्दीसँगै जोखिमका बिच संस्था सञ्चालन गरिरहेका छन् । हाम्रो संस्थाले समेत माथिका दुवै प्रकृतिका समस्याको सामना गरिरहेको छ ।

विगत वर्षहरुमा सहकारी ठगी र असफलताका समाचार दिनानुदिन आउने गरेकोमा त्यसमा हाल केही कमी आएको छ । राष्ट्रिय सहकारी नियमन प्राधिकरणको गठनपश्चात सहकारी क्षेत्रमा नियामकिय चासो बढेको छ । सहकारी क्षेत्रमा सहकारी मान्यतामा आधारित नियामकिय सक्रियताबाट राम्रो गर्ने सहकारीहरुले काम गर्न सक्ने वातावरण अझ सहज हुने विश्वास गर्न सकिन्छ ।

२. गत आ.व. २०८१।०८२ को समीक्षा :

संस्थाको वार्षिक साधारण सभामार्फत् हामी अघिल्लो आर्थिक वर्षका लागि स्वीकृत बजेट तथा कार्यक्रमको कार्यान्वयन पक्षको समीक्षा गर्दछौँ । यसरी हेर्दा हामीले गत ३२ औं वार्षिक साधारण सभाबाट गरेका निर्णयहरु र तिनको कार्यान्वयन पक्ष यसप्रकार रहेको छ :

२.१. संस्थामा आ.व. २०८१/०८२ मा इलाम जिल्ला, इलाम नगरपालिका-५ स्थित बरबोटेली चिया उत्पादक सहकारी संस्थासँग एकिकरण सम्पन्न गरिएको छ । एकिकरण पश्चात् उक्त एकाइलाई संस्थाको चिया व्यवसायअन्तर्गत बरबोटेली चिया उद्योगको रुपमा सञ्चालन गरिएको छ ।

२.२. संस्थाको ३२ औँ वार्षिक साधारण सभाले स्वीकृत गरेको संस्थाको *रणनीतिक व्यावसायिक योजना २०८०-०८४* मा उल्लिखित कतिपय वित्तीय पूर्वानुमान तथा व्यावसायिक योजनाहरुलाई २०८२ असार मसान्तसम्म आइपुग्दाको अवस्थामा समीक्षा गर्दा केही सूचकाङ्क तथा योजनामा लक्ष्य प्राप्त गर्न नसकिने र पुनरावलोकन गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । संस्थाको *रणनीतिक व्यवसायिक योजना २०८०-०८४* संसोधनको प्रस्ताव यसै प्रतिवेदनमार्फत पेस गरिएको छ ।

२.३. संस्थाको प्याकेजिङ उद्योगमार्फत किसानहरुबाट उत्पादित दलहन, मसला, खाद्यान्न लगायतका सामग्रीहरु खरिद गरी ग्रेडिङ र प्याकेजिङ गरी सहकारी पसलमार्फत बिक्री वितरण गर्ने योजना अनुरुप २०८२ असार मसान्तसम्म किसानहरुबाट संकलन गर्ने संकलनकर्ताहरुमार्फत उक्त सामग्रीहरु खरिद गरी प्याकेजिङ गरी बिक्री वितरण गरिदै आइएको छ । हालसम्म ७५ वटा विभिन्न प्याकेजिङ परिमाणमा सामग्रीहरु सहकारी पसलमार्फत बिक्री वितरण भइरहेको छ ।

२.४. एनएमसी एग्रो मिलको स्थापना : संस्थाको एनएमसी एग्रो फार्म अन्तर्गत एनएमसी एग्रो मिल स्थापना गरी २०८२ जेठ महिनादेखि सञ्चालनमा आएको छ । एनएमसी एग्रो मिलमा हाल किसानहरुबाट उत्पादित तोरी खरिद गरी प्रशोधन गरी संस्थाको आफ्नै ब्राण्डमा शुद्ध तोरीको तेल उत्पादन तथा बिक्री वितरण गरिँदै आएको छ। आ.व. २०८१/०८२ को दुई महिनामा एग्रो मिलमार्फत ३२०३ लि.शुद्ध तोरीको तेल उत्पादन गरिएको छ ।

२.५. व्यावसायिक एकाइ विस्तार : संस्थाले समीक्षा वर्षमा सहकारी एकीकरणको माध्यमबाट संस्थाको चिया व्यवसायअन्तर्गत इलामको बरबोटेमा चिया उद्योग थप गरेको छ । उक्त उद्योगबाट नियमित रुपमा गुणस्तरिय चिया उत्पादन भई बिक्री वितरण भइरहेको छ ।

२.६. अनिवार्य बचत योजना : संस्थाले सदस्यलाई नियमित आर्थिक कारोबारमा जोडिराख्न र नियमित बचतको अभ्यास बनाइराख्न अभियानको रुपमा सञ्चालन गरेको अनिवार्य बचत योजना अन्तर्गत २०८२ असार मसान्तसम्म ५०४०२ सदस्यहरु यस योजनामा आवद्ध भइसक्नुभएको छ ।

२.७. लेखा सुपरीवेक्षण समितिको तर्फबाट नियमित रुपमा हुने लेखापरिक्षणबाट त्रैमासिक रुपमा सञ्चालक समितिमा सुझावसहितको प्रतिवेदन प्राप्त भएको छ । समीक्षा वर्षमा लेखा सुपरिवेक्षण समितिले दिएको सुझाव कार्यान्वयन गरिएको छ ।

२.८. पुँजीगत विनियोजन : संस्थाको तर्फबाट गत आ.व.२०८१।०८२ मा विभिन्न व्यवसाय र कर्पोरेट कार्यालयका लागि स्वीकृत गरिएको पुँजीगत विनियोजन (स्थिर सम्पत्ति), सोको कार्यान्वयन अवस्था र हालसम्मको पुँजीगत लगानी निम्नबमोजिम रहेको छ :

| क्र.सं. | व्यवसाय | स्वीकृत रकम रु. | पुँजीगत खर्च | खर्च प्रतिशत | जम्मा स्थिर सम्पत्ति रकम रु. |
|---|---|---|---|---|---|
| १ | कर्पोरेट कार्यालय | २,६३,००,००० | १,०६,४९,०४१ | ४०.४९ | ११,८७,८९,६७६ |
| २ | बचत तथा ऋण | ३,४०,२५,००० | १,७६,९९,८०३ | ५२.०२ | २०,२०,४६,८२० |
| ३ | डेरी व्यवसाय | १,४८,००,००० | ८८,८०,४४० | ६० | ७,१९,२६,५२७ |
| ४ | एनएमसी एग्रो फार्म | ७,२२,१५,००० | १,१३,५०,१०४ | १५.७२ | १८,४६,९०,४९६ |
| ५ | सहकारी पसल | १,३४,३०,००० | ४५,५०,२१२ | ३३.८८ | ३,६३,४७,२४४ |
| ६ | चिया व्यवसाय | ६५,५०,००० | २,२७,४३,६७६ | ३४७.२३ | ९,५१,२३,६२३ |
| जम्मा | | १६,७३,२०,००० | ७,५८,७३,२७६ | ४५.३५ | ७०,८९,२४,३८६ |

नोट : चिया व्यवसायअन्तर्गत पुँजीगत खर्च अस्वभाविक वृद्धि हुनुमा संस्था एकीकरण मार्फत संस्थामा लेखाङ्कन भएको सम्पत्ति मुख्य कारण रहेको छ ।

२.९. बचत (नाफा नोक्सान) हिसाब : गत आ.व. २०८१।०८२ का लागि व्यवसायगत एवम् समग्र संस्थाको सञ्चालन (कर्मचारी बोनस र आयकर खर्च अधिको) बचत (नाफा/नोक्सान) हिसाब :

| क्र.सं. | विवरण | आ.व २०८१/८२ को अनुमानित | यथार्थ | प्रतिशत |
|---|---|---|---|---|
| १ | बचत तथा ऋण | ४५,३३,००,००० | ११,५७,३७,२१७ | २५.५३ |
| २ | डेरी व्यवसाय | ३,१०,००,००० | ८८,८६,२१६ | २८.६७ |
| ३ | एनएमसी एग्रो फार्म | -१,५०,००,००० | -२,२८,९८,९१६ | १५२.६६ |
| ४ | सहकारी पसल व्यवसाय | -१,६०,००,००० | -१,४७,८७,३४१ | ९२.४२ |
| ५ | चिया व्यवसाय | १२,६४,००० | ७९,३४,६२३ | ६२७.७४ |
| ६ | कर्पोरेट कार्यालय | -४,५९,३५,००० | -३,२३,४८,४८४ | ७०.४२ |
| | जम्मा : | ४०,८६,२९,००० | ६,२५,२३,३१५ | १५.३० |

संस्थाले विभिन्न व्यवसायअन्तर्गत २०८१।०८२ मा अनुमान गरेको नाफा/नोक्सानमा अनुमानभन्दा फरक पर्नुलाई निम्न अनुसार समीक्षा गरिएको छ :

२.९.१. बचत तथा ऋण व्यवसाय अन्तर्गत कर्जा जोखिम कोष व्यवस्थापन र धितो लिलामीमार्फत आएको गैरबैंकिङ सम्पत्ति (जग्गा तथा भवन) अन्तर्गत जोखिम व्यवस्थापनमा छुट्याउनुभन्दा अघि सञ्चालन बचत (नाफा) रु.३२,९९,८६,९७१ भएकोमा कर्जा र गैरबैंकिङ सम्पत्ति जोखिम व्यवस्थामा रु.२१,४२,४९,७५४ व्यवस्थापन गर्नु परेको छ । हाल संस्थाको कर्जा र गैरबैंकिङ सम्पत्ति जोखिम व्यवस्थामा रु.५६,२४,२४,८०९ रहेको छ । आगामी दिनमा कर्जाको गुणस्तर असल कायम हुँदा र गैरबैंकिङ सम्पत्ति बिक्री हुँदा उक्त रकम आम्दानी बाँधी बचत (नाफा) हुने देखिन्छ । त्यसका अतिरिक्त अपेक्षित मुनाफा आर्जन गर्न नसक्नुलाई अर्थतन्त्रमा आएको मन्दी, सदस्यको कर्जा तिर्ने क्षमतामा आएको कमी, कर्जाको ब्याज असुलीमा न्यूनता साथै वित्तीय क्षेत्रमा देखिएका कतिपय असहज क्रियाकलापको असरलाई समेत लिइएको छ ।

२.९.२. डेरी व्यवसायअन्तर्गत अपेक्षित बचत (नाफा) आर्जन हुन नसक्नुमा दुग्धजन्य पदार्थको बिक्री अन्तर्गत मुनाफाको मार्जिनमा आएको कमी साथै उत्पादन लागतमा भएको वृद्धिलाई लिइएको छ ।

२.९.३. एनएमसी एग्रो फार्मअन्तर्गत गाईपालन एकाइमा गाईहरु बिरामी भई अपेक्षित दुध उत्पादन नहुनु, तरकारी खेतीबाट अपेक्षाकृत मूल्य प्राप्त नहुनु, कष्टम हायरिङ सेवामा बढ्दो खर्चका कारण अपेक्षित आयआर्जन गर्न नसक्नु तथा उत्पादित माछा तोकिएको समयमा बिक्री हुन नसक्नु र बिक्री भएको माछामा पनि उचित मूल्य पाउन नसक्नु जस्ता कारणले तय गरिएको लक्ष्यभन्दा बढी नोक्सान हुन पुगेको छ ।

२.९.४. सहकारी पसल अन्तर्गत अनुमानभन्दा कम नोक्सान हुनमा पसलको बिक्री वृद्धि भएको साथै सहकारी पसलमा खर्च कटौतीलाई प्राथमिकताका साथ अवलम्बन गरिएको छ ।

२.९.५. चिया व्यवसायमा अपेक्षा गरिएभन्दा बढी बचत (नाफा) हुनुमा चिया उद्योगबाट उत्पादित सम्पूर्ण चिया बिक्रीका लागि उद्योगले सुरुदेखि नै बजार सुनिश्चित गरेको साथै बरबोटेली एकाइबाट समेत उत्पादन र बिक्री वृद्धि भएको हुनाले बचत (नाफा) वृद्धि भएको छ । साथै नेपाल सरकारबाट प्राप्त हुने निकासी अनुदानको समेत सकारात्मक प्रभाव परेको छ ।

२.९.६. कर्पोरेट कार्यालयले आफैं व्यवसाय सञ्चालन नगर्ने तर सम्पूर्ण व्यवसायको व्यवस्थापन र केन्द्रिय रुपमा सम्पन्न हुने सबै गतिविधिहरुको खर्च कर्पोरेट कार्यालयमा लेखाङ्कन गर्ने गरिएको छ । आ.व. २०८१/०८२ मा कर्पोरेट कार्यालयको लागि तय गरिएको नोक्सान अनुमानभित्रै यथार्थ नोक्सान रहेको छ ।

२.९.७. सामुदायिक क्रियाकलाप : साधारण सभाको तर्फबाट स्वीकृत विभिन्न सामुदायिक क्रियाकलापमा संस्थाको तर्फबाट गत आ.व. २०८१।०८२ मा निम्नबमोजिम योगदान भएको छ अर्थात संस्थाले राहत तथा सहयोग उपलब्ध गराएको छ ।

| क्र.सं. | शीर्षक | लाभान्वित सदस्य | | रकम रु. |
|---|---|---|---|---|
| १ | मृत्यु राहत | ५०८ | जना | २,१६,६५,००० |
| २ | शुद्धयाइँ खर्च | १,१५२ | जना | १,१५,२०,००० |
| ३ | बाल बचतकर्तालाई जन्मदिनमा उपहार | १७,४५७ | जना | ५२,१०,०५८ |
| ४ | ज्येष्ठ सदस्य सम्मान | १,०५० | जना | ५५,२६,३१६ |
| ५ | दीर्घरोग उपचार सहयोग | १०९ | जना | २५,८८,७५० |
| ६ | समवेदनामा उपस्थिति | ४,३५६ | जना | २०,७८,९२३ |
| ७ | सुत्केरी सदस्य भेटघाट र उपहार | १,५४४ | जना | १४,७९,२१२ |
| ८ | दुर्घटना उपचार सहयोग | ३७ | जना | ७,४४,०७५ |
| ९ | सामुदायिक क्याम्पसका विद्यार्थीलाई छात्रवृत्ति | १२ | क्याम्पस | १,४४,००० |
| १० | बाल बचतकर्तालाई खाता खोल्दा उपहार | ५४७ | जना | २,७३,५०० |
| ११ | विद्यालय प्रथम बाल बचतकर्तालाई पुरस्कार | ३८ | जना | १,९०,००० |
| १२ | प्राकृतिक प्रकोपमा सहयोग | ४९ | जना | ३,५२,४०० |
| १३ | स्टुडेन्ट सेभिङ कार्यक्रम सञ्चालित विद्यालयलाई शैक्षिक सामग्री प्रदान | २३ | विद्यालय | १,१५,००० |
| | | जम्मा | | ५,१८,८७,२३४ |

२.१०. कर्जा अपलेखन सम्बन्धमा : संस्थामा सदस्यहरुले कर्जा कारोबारका सन्दर्भमा कमजोर आर्थिक अवस्था र व्यापार व्यवसायमा भएको क्षतिका कारण विस्थापित हुनुपर्ने अवस्था समेत सिर्जना भई लामो समयदेखि सदस्य सम्पर्कमा समेत नरहनु भएकोले सञ्चालक समितिको बैठकबाट तपसिल बमोजिमको कर्जा सदस्यलाई छुट गरी तत्कालका लागि अपलेखन गरिएको हुँदा कर्जा अपलेखन अनुमोदनका लागि साधारणसभामा पेस गरिएको छ । अपलेखन गरिएको कर्जाको विवरण संस्थाको तथ्याङ्कमा रहने हुँदा सदस्यको सहज परिस्थितिमा उक्त कर्जा असुलउपर गरिनेछ ।

अपलेखन गरिएको कर्जा :

| क्र.सं. | नाम | सेवाकेन्द्र | सदस्य नं. | कर्जा साँवा रु. |
|---|---|---|---|---|
| १. | टीका चौधरी | कालिकोशी | ११५२४६ | ९,६९१ |
| २. | रोहन शाह | कालिकोशी | ११५२९६ | २२,९२० |
| | | | जम्मा | |

२.११. ब्याज तथा हर्जाना छुट सम्बन्धमा :

संस्थामा सदस्यहरुले कर्जा कारोबारको सिलसिलामा आर्थिक मन्दी, व्यापार व्यवसायमा आएको ह्रास लगायतका कारणले कर्जाको नियमित किस्ता बुझाउन नसक्नु भएको अवस्थामा सदस्यलाई कर्जा नियमित बुझाउन सहज बनाउने उद्देश्यले विगतको ब्याज तथा हर्जाना बुझाउँदा ब्याज तथा हर्जानामा आंशिक छुट उपलब्ध गराउने सम्बन्धमा सञ्चालक समितिबाट निर्णय भई कार्यान्वयन भएकोमा ब्याज बापतको रकममा विभिन्न सेवाकेन्द्रहरुमा गरी १५४ जना सदस्यलाई जम्मा रु. ७०,५७,१६५ र हर्जानाको रकममा जम्मा रु.२५,८५,३१३ छुट दिएको विषय अनुमोदनका लागि साधारण सभा समक्ष पेस गरिएको छ ।

३. व्यवसायगत कारोबारको सङ्क्षिप्त झलक :

संस्थाले हाल मुख्यत: पाँच वटा व्यवसाय मार्फत विभिन्न व्यावसायिक गतिविधि सञ्चालन गरिरहेको छ। संस्थाले आर्थिक वर्ष २०८१।०८२ मा गरेको कारोबारको सङ्क्षिप्त विवरण निम्न अनुसार रहेको छ :

| क्र.सं. | व्यवसाय | व्यावसायिक गतिविधि | मानक | विवरण |
|---|---|---|---|---|
| १ | बचत तथा ऋण व्यवसाय | कर्जा लगानी | रु. | ५,५३,२३,९६,११५ |
| | | कर्जा असुली | रु. | ५,०३,५५,३२,२२५ |
| | | ब्याज आम्दानी (कर्जा) | रु. | १,३४,५८,५४,६२२ |
| | | ब्याज खर्च (निक्षेप) | रु. | ७६,५८,२०,०५५ |
| | | मोबाइल बैंकिङ सेवा वितरण (जम्मा) | संख्या | ३४,९५४ |
| | | क्यूआर वितरण (जम्मा) | संख्या | ७,८०२ |
| | | एटिएम कार्ड वितरण (जम्मा) | संख्या | १२,२४० |
| २ | डेरी व्यवसाय | दुध संकलन/खरिद | लि. | ४६,५९,८३८ |
| | | | रु. | ३२,३८,९६,१४५ |
| | | डेरी उत्पादन बिक्री | रु. | ४६,१८,४७,५४७ |
| ३ | एनएमसी एग्रो फार्म | फलफूल तथा तरकारी बिक्री | रु. | ३३,६७,७४४ |
| | | दुध उत्पादन | लि. | २,९४,२०६ |
| | | | रु. | १,९८,२९,१८७ |
| | | कष्टम हायरिङ सेवा | रु. | १,२३,६३,३५३ |
| | | माछा बिक्री | केजी | २२,२०४ |
| | | | रु. | ५७,८१,३६१ |
| | | बेर्ना बिक्री | रु. | २४,३०,९९३ |
| | | तोरी तेल उत्पादन | लि. | ३,२०३ |
| | | मह प्रशोधन | केजी | १,३७८ |
| ४ | सहकारी पसल व्यवसाय | बिक्री | रु. | ४२,५८,२२,६४९ |
| ५ | चिया व्यवसाय | हरियो पत्ति खरिद | रु. | ४,८३,६५,३८८ |
| | | तयारी चिया उत्पादन | केजी | २,४९,८९८ |
| | | तयारी चिया बिक्री | केजी | २,३०,७५२ |
| | | तयारी चिया निर्यात | रु. | ८,१३,६२,९०२ |
| | | कूल बिक्री | रु. | ८,५९,६३,८४५ |

४. सेयर सदस्य महानुभावहरु, चालु आ.व.२०८२।०८३ का लागि निम्नबमोजिम बजेट अनुमान र पुँजीगत लगानी प्रस्ताव गरिएको छ :

४.१. प्रस्तावित बजेटका संक्षिप्त तथ्याङ्कहरु :

| क्र.सं. | शीर्षक | रकम रु. |
|---|---|---|
| १ | समग्र संस्थाको वासलात अंक | १६,८६,०९,३९,००० |
| २ | समग्र संस्थाको सञ्चालन मुनाफा | ३५,८१,००,००० |
| ३ | सेयर सदस्य संख्या वृद्धि | १७,००० |
| ४ | सेयर पुँजी वृद्धि रकम | १२,३५,००,००० |
| ५ | निक्षेप वृद्धि रकम | १,००,००,००,००० |
| ६ | कर्जा लगानी वृद्धि रकम | १,५०,००,००,००० |

आ.व. २०८२/०८३ को बार्षिक बजेट तथा कार्यक्रमको व्यवसायगत आधारमा विस्तृत विवरण र प्रस्ताव छुट्टै रुपमा यसै प्रतिवेदनमा समावेश गरिएको छ । प्रस्तावित वार्षिक बजेट तथा कार्यक्रम २०८२/०८३ मा विस्तृत छलफल गरी आवश्यक सुझावसहित स्वीकृत गरिदिनहुन यस गरिमामय साधारण सभा समक्ष प्रस्ताव गरिएको छ ।

५. <u>संस्थाको ४ वर्षे रणनीतिक व्यावसायिक योजना २०८०-०८४ संसोधन सम्बन्धमा :</u>

सञ्चालक समितिको मिति २०८०/११/११ गते सम्पन्न १० औं बैठकद्वारा स्वीकृत भई संस्थाको ३२ औं वार्षिक साधारणसभाबाट अनुमोदन समेत भई संस्थाको ४ वर्षे रणनीतिक व्यावसायिक योजना २०८० कार्यान्वयनमा आएको छ । देशमा कायम रहेको आर्थिक मन्दी, बैंक तथा वित्तीय संस्था तथा सहकारीको बारेमा भएको नकारात्मक सूचना प्रवाह, सदस्यहरुको व्यावसायिक गतिविधिमा आएको ह्रासका कारण संस्थाले तय गरेको रणनीतिक व्यावसायिक योजनामा उल्लेख गरिएको वित्तीय लक्ष्य, व्यवसाय विस्तार तथा पुँजी परिचालन योजना समेतलाई प्रभाव परेको छ। संस्थाको सञ्चालक समितिको मिति २०८२/६/१० गते सम्पन्न बैठकबाट रणनीतिक व्यावसायिक योजनाको समिक्षा गर्दै बदलिदो परिवेशका आधारमा व्यावसायिक योजना संशोधन गर्न उचित हुने निष्कर्षसहित मूलभूत रुपमा तपसिलबमोजिम रणनीतिक व्यावसायिक योजना संसोधनको प्रस्तावलाई स्वीकृतिका लागि यस साधारण सभामा प्रस्ताव गरिएको छ ।

५.१. मुख्य वित्तीय सूचकाङ्कहरु :

| क्र. स. | वित्तीय सुचाङ्कहरु | २०८२/०८३ को प्रस्ताव | २०८२/०८३ को संसोधन | २०८३/०८४ को प्रस्ताव | २०८३/०८४ को संसोधन |
|---|---|---|---|---|---|
| १ | सेयर सदस्य संख्या जम्मा | २,१४,६४१ | १,८२,९१९ | २,३३,९२१ | २,०१,२११ |
| २ | सेयर पुँजी जम्मा | १,९५,३५,००,००० | १,५२,१५,००,००० | २,२५,३०,००,००० | १,६५,८४,००,००० |
| ३ | संस्थागत कोष जम्मा | १,००,१९,००,००० | ९९,८२,००,००० | १,१५,७०,००,००० | १,०५,००,००,००० |
| ४ | निक्षेप मौज्दात जम्मा | १४,३६,३९,००,००० | १२,३२,१८,००,००० | १६,७८,६१,००,००० | १३,३०,७५,००,००० |
| ५ | कर्जा मौज्दात जम्मा | १५,२९,७६,००,००० | ११,९३,८१,००,००० | १७,४८,७६,००,००० | १२,८३,३५,००,००० |
| ६ | समग्र सञ्चालन बचत (नाफा) | ६४,६४,८२,५०० | ३५,८५,४३,००० | ७७,४२,२७,००० | ४२,९५,०७,००० |

६. <u>शल्यक्रिया उपचार सहयोग कार्यक्रम (Surgical Support Program-SSP) :</u>

संस्थाको गत वर्ष सम्पन्न ३२ औं वार्षिक साधारण सभाबाट पूर्वस्वीकृत गरी आ.व. २०८२/०८३ बाट सञ्चालनको लागि योजना बनाइएको सदस्य शल्यक्रिया उपचार योजना (Surgical Support Program-SSP) सञ्चालनको सन्दर्भमा सदस्य र संस्था दुवै पक्षको योगदान रहने गरी कार्यक्रम अगाडि बढाइएकोमा सदस्य तथा

संस्थाको आम्दानी दर कम भएको अवस्थामा उक्त कोष सञ्चालन गर्न पर्याप्त रकम जुट्ने सम्भावना नदेखिएको हुँदा संस्थाको सञ्चालक समितिको मिति २०८२ असार १० गते सम्पन्न २८ औं बैठकबाट आ.व. २०८२/०८३ का लागि उक्त कार्यक्रम स्थगन गर्ने निर्णय गरिएको हुँदा यस साधारणसभामा अनुमोदनार्थ पेस गरिएको छ ।

७. संस्थाले प्राप्त गरेको अनुदान एवम् सहयोगहरु :

संस्थाद्वारा सञ्चालित एनएमसी एग्रो फार्ममा आ.व. २०८१/०८२ मा तपसिलका शीर्षकहरुमा अनुदान प्राप्त भएको छ ।

| निकाय | रकम रु. | प्रयोजन |
|---|---|---|
| भद्रपुर नगरपालिका, झापा | १४,६२,५०० | राइस ट्रान्सप्लान्टर, ७५%-२५% को लागत सहभागिता |
| | ६०,००० | धान बिउ राख्ने सिडर मेशिन, ७५%-२५% को लागत सहभागिता |
| | ५,०८,५०० | ६००० थान धान बिऊ राख्ने ट्रे ७५%-२५% को लागत सहभागिता |
| जम्मा | २०,३१,००० | |

विगतदेखि हालसम्म प्राप्त सहयोगका लागि सम्बन्धित पालिका, निकाय, कोशी प्रदेश सरकार र नेपाल सरकारप्रति हार्दिक आभार व्यक्त गर्दछौं । कृषि क्षेत्रअन्तर्गत व्यवसाय राज्यको प्रोत्साहन र सहयोग बिना सञ्चालन गर्न कठिनाई हुने हुदाँ आगामी दिनमा संस्थाको एग्रो फार्म, डेरी र चिया उद्योगको क्षेत्रमा राज्यबाट सहयोग प्राप्त भई किसानहरु लाभान्वित हुने कुरामा हामी विश्वास राख्दछौं ।

८. सेयर लाभांश र संरक्षित पुँजी फिर्ता कोष वितरण :

गत आर्थिक वर्ष २०८१।०८२ मा संस्थाले आर्जन गरेको खुद बचतबाट सेयर लाभांश कोषमा रु.१,१५,०२,३७३ र संरक्षित पुँजी फिर्ता कोषमा रु.५५,१४,०८१ जम्मा हुन आएको छ । सेयर लाभांश रकमलाई २०८२ असार मसान्तमा कायम रहेको कूल सेयर पुँजी रकममा अनुपातिक वितरण गर्दा समेत करिब ०.८७% प्रति सेयर लाभांश वितरण हुन जाने देखिन्छ । सेयर लाभांश र संरक्षित पुँजीकोषको रकमलाई सामुदायिक विकास कोषअन्तर्गत सुरक्षित गरी संस्थाका सदस्यहरुबिच आकस्मिक रूपमा आइपरेका प्राकृतिक प्रकोप, दुर्घटना, स्वास्थ्य संकट लगायतका अवस्थामा सहयोग स्वरूप परिचालन गर्न र सदस्य केन्द्रित राहत व्यवस्थापनमा प्रयोग गर्नु उचित हुने देखिएको हुँदा उल्लिखित रकमलाई सामुदायिक विकास कोष अन्तर्गत स्थानान्तण गरी संस्थाको कार्यविधिबमोजिम परिचालनका लागि यस गरिमामय साधारण सभा समक्ष प्रस्ताव गरिएको छ ।

९. सदस्य कल्याणकारी योजनाको कोष व्यवस्थापन :

सदस्य र संस्थाको लागत सहभागितामा सञ्चालित सदस्य कल्याणकारी योजनामा सदस्यको तर्फबाट सेयर लाभांश मार्फत लागत सहभागिताको कार्यक्रम रहेकोमा आर्थिक वर्ष २०८१।०८२ को कारोबारका आधारमा वितरणयोग्य लाभांश अत्यन्त न्यून हुने भएकाले सेयर लाभांश र संरक्षित पुँजी फिर्ता कोषको रकम सामुदायिक विकास कोषमा जम्मा गर्ने र उक्त कोषबाट सदस्य कल्याणकारी योजना अन्तर्गतको राहत भुक्तानी गर्ने र उक्त कोषबाट अपुग भएको रकम संस्थाले खर्चलेखन गरी भुक्तानी गर्ने प्रस्ताव साधारण सभा समक्ष पेस गरिएको छ ।

१०. सहकारी संस्था एकीकरण :

हाम्रो संस्थाले स्वीकृत प्राप्त गरेका झापा, इलाम र मोरङ जिल्लाका सम्भाव्य क्षेत्र र हाल सञ्चालनमा रहेका सेवाकेन्द्र रहेका क्षेत्रका अन्य प्रारम्भिक सहकारी संस्थाहरुसँग एकीकरण गर्न प्रस्ताव आएमा र उपयुक्त देखिएमा

एकीकरण गर्न साधारण सभाको तर्फबाट सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्न प्रस्ताव गरिएको छ ।

११. व्यावसायिक एकाइ विस्तार :

संस्थाको स्वीकृत कार्यक्षेत्रभित्र वित्तीय सेवाको सहज पहुँचका लागि बचत तथा ऋण सेवाकेन्द्र, दुध सङ्कलनका लागि थप चिस्यान केन्द्र (चिलिङ भ्याट) स्थापना, एग्रो फार्मको सेवा विस्तारका लागि कृषि सेवाकेन्द्र, सहकारी पसलको सेवा विस्तारका लागि थप सहकारी पसल सञ्चालन जस्ता व्यावसायिक एकाइ विस्तार गर्नुपर्ने भएमा सोको सम्भाव्यता अध्ययन गरी प्राप्त प्रतिवेदनका आधारमा उपयुक्त देखिएका स्थानमा विस्तार गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजनका लागि प्रस्ताव गरिएको छ ।

१२. सामुदायिक क्रियाकलाप :

संस्थाद्वारा सञ्चालनमा रहेका सुत्केरी सदस्य भेटघाट, बाल बचतकर्तालाई जन्मदिनको उपहार, दुर्घटना उपचार सहयोग, दीर्घरोग उपचार सहयोग, प्राकृतिक प्रकोपमा सहयोग, मृत्यु राहत, समवेदनामा उपस्थिति, स्टुडेन्ट सेभिङ क्लब गठन, कलेज स्टुडेन्ट सोसाइटी गठन, सामुदायिक तथा आङ्गिक क्याम्पसमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति, सरसफाइ अभियान, सामाजिक योगदानमा मेरो एक रुपियाँ अभियान जस्ता कार्यक्रमलाई संस्थाका आन्तरिक कार्यविधिहरुमा भएको व्यवस्थाबमोजिम निरन्तरता दिन प्रस्ताव गरिएको छ ।

संस्थाले विगतदेखि ज्येष्ठ नागरिक सदस्यहरुलाई नगदसहित सम्मान गर्ने कार्यक्रम आयोजना गर्दै आएकोमा विगत केही वर्षदेखि समग्र देशको अर्थतन्त्रमा परेको नकारात्मक प्रभाव, सो आधारमा संस्थाका सदस्यहरुको आय आर्जनमा आएको गिरावट, समग्र संस्थाको कारोबारमा आएको संकुचन, सोबाट नाफा नोक्सानमा पर्न गएको नकारात्मक प्रभाव जस्ता कारणले आर्थिक वर्ष २०८१।०८२ मा संस्थाले अपेक्षा अनुरुप वितरणयोग्य नाफा आर्जन गर्न नसकेको अवस्थामा संस्थाले सञ्चालन गर्ने सामुदायिक गतिविधि एवम् सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यहरु संकुचन गर्नुपरिरहेको विशेष परिस्थितिमा ज्येष्ठ नागरिकहरुलाई गरिने सम्मान र नगद वितरण जस्ता कार्यक्रमहरु स्थगन गर्नुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना भएकाले यस आर्थिक वर्षका लागि ज्येष्ठ नागरिक सम्मान कार्यक्रम स्थगन गरिएको छ । सोको अनुमोदनका लागि यस साधारण सभा समक्ष प्रस्ताव गरिएको छ ।

१३. सक्रियताका आधारमा सदस्यता वर्गीकरण :

आफ्नो सहकारी संस्थामा नियमित कारोबार गर्नु प्रत्येक सदस्यको पहिलो दायित्व हो । नियमित कारोबार अन्तर्गत अनिवार्य बचत जम्मा, कर्जा उपभोग, संस्थाबाट उत्पादन तथा बिक्री वितरण गरिने वस्तुको खरिद तथा उपभोग, संस्थाले सञ्चालन गरेका उद्योगका लागि कच्चा वस्तु बिक्री जस्ता कार्यहरु पर्दछन् । त्यसै गरी सदस्यले आफ्नो संस्थाको बारेमा नियमित जानकारी राख्ने र आवश्यक सल्लाह सुझाव दिने गर्नु पर्छ । त्यसका लागि संस्थाको साधारण सभा, सदस्य शिक्षा कार्यक्रम र सदस्य विस्तारित मञ्चमा सदस्यको सहभागिता अनिवार्य हुन आउँछ । संस्थाले सदस्य सकृयता मापदण्ड गत वर्षबाट लागू गरी कार्यान्वयनमा ल्याएको छ । संस्थाको तर्फबाट निष्क्रिय सदस्यहरुलाई सक्रिय बनाउन अधिकतम प्रयास गरिनेछ । आगामी वर्षहरुबाट सदस्यहरुलाई वर्गीकरण गरी निष्क्रिय रहेका सदस्यहरुलाई क्रमशः संस्थाले सेवा सुविधा कटौती गरी सक्रिय बन्न नसक्ने वा नचाहने सदस्यलाई सेयर फिर्तासहित संस्थाबाट बिदाई गर्ने कार्ययोजना तयार गरी साधारण सभाबाट स्वीकृत गराई कार्यान्वयन गरिनेछ । यसर्थ सम्पूर्ण सदस्यहरुलाई संस्थामा सक्रिय भई कारोबार गर्न यसै साधारणसभा मार्फत अनुरोध गरिन्छ ।

१४. करमा योगदान :

संस्थाले विभिन्न शीर्षकमा आर्थिक वर्ष २०८१।०८२ मा नेपाल सरकारलाई करमा पुऱ्याएको योगदानको विवरण निम्न अनुसार रहेको छ ।

| क्र.सं. | कर शीर्षक | रकम |
|---|---|---|
| १ | ब्याज कर | ४,७८,५७,९२० |
| २ | आयकर (अग्रिम तथा स्रोतकरसहित) | १,६६,२८,७४३ |
| ३ | मुल्य अभिवृद्धि कर | १,४८,७४,७१३ |
| ४ | लाभांश कर | ५१,११,२७७ |
| ५ | कर्मचारी परिश्रमिक कर | १८,७०,८३५ |
| ६ | बहाल कर | १६,०८,७२१ |
| ७ | यातायात कर | १३,१३,८४९ |
| ८ | व्यवसाय दर्ता तथा नवीकरण (स्थानीय तह) | ७,७५,०६५ |
| ९ | अन्तशुल्क | ४,९५,००० |
| १० | लाभ कर | २६,३९० |
| | जम्मा | ९,०५,६२,५१३ |

१५. कर्मचारी संरचना :

संस्थाद्वारा सञ्चालित विभिन्न व्यावसायिक गतिविधि मार्फत २०८२ असार मसान्तमा ११९७ कर्मचारीले संस्थामा प्रत्यक्ष रोजगारीको अवसर प्राप्त गरेका छन् । संस्थाको वित्तीय सहयोगमा सदस्यहरुद्वारा सञ्चालित व्यवसाय मार्फत अप्रत्यक्ष रुपमा हजारौं मानिसले रोजगारी प्राप्त गरेका छन् । संस्थामा प्रत्यक्ष रोजगारीअन्तर्गत कार्यरत कर्मचारी विवरण निम्न अनुसार रहेको छ ।

२०८२ असार मसान्तमा आधारित :

| सेवाको किसिम | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| स्थायी | ३९ | २३ | ६२ |
| अस्थायी | २२४ | २८५ | ५०९ |
| करार | १२४ | १८५ | ३०९ |
| तालिमी/परीक्षणकाल | २१ | ३० | ५१ |
| अन्य (श्रमिक आपूर्तिकर्ता, आंशिक, मासिक, दैनिक ज्यालादारी) | १९२ | ७४ | २६६ |
| जम्मा | ६०० | ५९७ | १,१९७ |

१६. मिति २०८२ भदौ २३ र २४ को घटना सम्बन्धमा :

- मिति २०८२ भदौ २३ गते काठमाडौं लगायत देशव्यापी रुपमा जेन-जी उमेर समूहद्वारा आह्वान गरिएको आन्दोलनका क्रममा मृत्यु हुने सम्पूर्णप्रति दुःख व्यक्त गर्दै सोही क्रममा घाइते हुनुभएका सबैको शीघ्र स्वास्थ्यलाभको कामना गरिन्छ ।
- मिति २०८२ भदौ २४ गते देशव्यापी रुपमा जेन-जी उमेर समूहको नाममा अराजक समूहद्वारा देशका धरोहरहरु सिंहदरबार, संघीय संसद भवन, सर्वोच्च अदालत, राष्ट्रपति भवन, प्रधानमन्त्री कार्यालय लगायतका सार्वजनिक सम्पत्ति एवम् औद्योगिक प्रतिष्ठान साथै निजी तथा व्यक्तिगत सम्पत्ति माथि भएको आगजनी, तोडफोड, कुटपिट तथा लुटपाट जस्ता जघन्य अपराधिक घटनाप्रति साधारण सभाको तर्फबाट भर्त्सना गरिन्छ ।

१७. प्राकृतिक प्रकोप र धनजनको क्षति :

गत २०८२ साल असोज १७ देखि २० मा झापा, इलाम, मोरङ लगायत देशव्यापी रुपमा आएको अविरल वर्षा र बाढी पहिरोका कारण दर्जनौं नागरिकले ज्यान गुमाएका छन् भने अरबौंको क्षति भएको छ । बाढी पहिरोबाट धनजन गुमाउनु हुने सबैप्रति सहानुभूतिसहित निधन हुनेहरुप्रति श्रद्धासुमन व्यक्त गरिन्छ ।

आदरणीय सदस्य महानुभावहरु,

अन्त्यमा, समग्रमा राष्ट्रिय सहकारी अभियानमा प्रतिकूलता रहेको यो विषम परिस्थितिमा समेत निरन्तर कारोबार गरेर आफ्नो संस्थालाई यो उचाइँसम्म ल्याइपुऱ्याउने सम्पूर्ण सदस्यहरु, स्वयम्सेवी भावनाका साथ सदैव संस्थाको नेतृत्व र प्रतिनिधित्व गर्ने विभिन्न समिति उपसमितिमा आवद्ध पदाधिकारीहरु, आन्तरिक नियामकको भूमिका निर्वाह गरी सुझाव प्रदान गर्ने लेखा सुपरीवेक्षण समिति, समर्पित कर्मचारीवर्ग सबैमा सञ्चालक समितिको तर्फबाट हार्दिक धन्यवादसहित आभार प्रकट गर्दछु । साथै हाम्रो संस्थाको अभिभावकको रुपमा रहेका सहकारी अभियानको नेतृत्व गर्ने संघसंस्था, राष्ट्रिय सहकारी नियमन प्राधिकरण, नेपाल राष्ट्र बैंक, सङ्घीय तथा प्रदेश सहकारी विभाग र विभिन्न पालिकाका स्थानीय सरकारहरु, सहकारीका गतिविधिहरु सर्वसाधारणसमक्ष प्रेषित गर्ने सञ्चार जगत् सबैप्रति कृतज्ञता व्यक्त गर्दै यो प्रतिवेदनमाथि आवश्यक छलफल र सुझाव प्राप्तिका लागि एकाइगत साधारण सभा र माइन्युट प्रमाणित सभासमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०८२ मङ्सिर ११-२०

ठाकुरप्रसाद सिवाकोटी
अध्यक्ष
सञ्चालक समिति

असल संस्कार र समृद्धिका लागि एनएमसी

# नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा

३३ औं वार्षिक साधारण सभा (२०८२ मङ्सिर ११-२०) मा प्रस्तुत

## लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन

साधारण सभाका अध्यक्षज्यू
संस्थाका सदस्यज्यूहरू,
कर्मचारीवर्ग,
उपस्थित महानुभावहरू,

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.को ३३ औं वार्षिक साधारण सभाका अवसरमा संस्थाको लेखा सुपरीवेक्षण समितिको तर्फबाट सम्पूर्ण सहभागीहरूमा सहकारीमय अभिवादन व्यक्त गर्दछौं । संस्थाले आर्थिक वर्ष २०८१/०८२ मा गरेको समग्र कारोबार र गतिविधिको लेखा सुपरीवेक्षण समितिको तर्फबाट अध्ययन, अनुगमन एवम् निरीक्षण गरी सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ साथै प्रदेश सहकारी ऐन २०७६ एवम् प्रदेश सहकारी नियमावली २०७६ को अधिनमा रही तयार गरिएको लेखा सुपरीवेक्षण समितिको प्रतिवेदनलाई यस सम्मानित साधारण सभासमक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छौं ।

१. <u>अघिल्लो साधारण सभाको निर्णय कार्यान्वयनको अवस्था :</u>

१.१. अघिल्लो साधारण सभाको निर्णय नं. ९ मा उल्लिखित संस्थाका सदस्यहरुलाई स्वास्थ्य उपचार अन्तर्गत गरिने शल्यक्रिया उपचारमा सहयोग पुग्ने सदस्य उपचार (शल्यक्रिया) सहयोग कार्यक्रम (Surgical Support Program-SSP) स्थगन गरेको पाइयो ।

१.२. अघिल्लो साधारण सभाको निर्णय नं. १२ मा उल्लिखित जग्गा बिक्री सम्बन्धमा भएको निर्णय अनुसार संस्थाले कर्जा लगानी गरेका सदस्यहरूमध्ये केही सदस्यहरुले कर्जा नबुझाएका कारण असुलीका क्रममा धितोमा रहेको जग्गा संस्थाले गैर बैंकिङ सम्पत्तिको रूपमा सदर गरी बिक्री गर्न निर्णय गरेकोमा सो निर्णय आंशिक रुपमा कार्यन्वयन भएको र बाँकी कार्यान्वयन प्रक्रियामा रहेको देखिन्छ ।

१.३. गत साधारण सभाको निर्णय नं. ६ मा संस्थाको कारोबार शीर्षकमा स्वीकृत गरिएको वार्षिक बजेट तथा कार्यक्रममा सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व.२०८१।८२ मा निम्न बमोजिमका शीर्षकहरुमा वृद्धिको लक्ष्य कायम गरिएकोमा वास्तविक वृद्धि प्रतिशत निम्नबमोजिम रहेको देखिन्छ ।

| शीर्षक | वृद्धिको लक्ष्य (%) | लक्ष्य प्राप्ति (%) |
|---|---|---|
| चुक्ता सेयर पुँजी | ८.०५ | ३.३६ |
| सदस्य सङ्ख्या | १०.१२ | -०.९७ |
| निक्षेप मौज्दात | १२.५८ | ६.४८ |
| लगानीमा रहेको कर्जा | १८.०१ | ४.६७ |
| सञ्चालन मुनाफा | ५८.२५ | -७६.३६ |

१.४. गत साधारण सभाका अन्य सबै निर्णयहरु कार्यन्वयन भएको पाइयो ।

२. आ.व. २०८१।८२ मा बसेको सञ्चालक समितिको बैठक सङ्ख्या, निर्णयहरू र सोको कार्यान्वयन अवस्था : आर्थिक वर्ष २०८१।८२ मा सञ्चालक समितिको १४ वटा बैठकहरु बसेको देखिन्छ । गणपुरक संख्या नपुगेका

कारण कुनै पनि बैठक स्थगित भएको देखिएन । सञ्चालक समितिका प्रायः सबै निर्णयहरु सन्तोषजनक रुपमा कार्यान्वयन भएको देखिएतापनि निम्नानुसारका केही निर्णयहरू भने कार्यान्वयन नभएको र केही आंशिक रूपमा कार्यान्वयन भएको पाइयो ।

२.१. सञ्चालक समितिको मिति २०८१।०४।१० मा बसेको १६ औँ बैठकको निर्णय नं. ८.२ को धितो सकार सम्बन्धमा भएको निर्णय बमोजिम जम्मा ८ जना ऋणी सदस्यको नाममा रहेको जग्गा दाखिल खारेज गरी संस्थाको नाममा नामसारी गरिने निर्णय गरिएकोमा २ जनाको मात्र जग्गा दा.खा. गरिएको पाइयो ।

२.२. सञ्चालक समितिको मिति २०८१।०६।१० को १९ औँ बैठकको निर्णय नं. ९ बमोजिम साविकमा श्री बैगुनधुरा बचत तथा ऋण सहकारी संस्था लि., गौरादह ९, बैगुनधुरा र यस नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि., मेचीनगर ६, का बिच संस्था एकीकरण सम्पन्न भई एकीकरणपूर्व साविकमा श्री बैगुनधुरा बचत तथा ऋण सहकारी संस्था लि. को सम्पत्ति तथा दायित्व मिलान गर्ने क्रममा सो संस्थाले आईएमई रेमिट सञ्चालनका लागि धरौटी बापत रु.३,००,००० (तीन लाख) ग्लोबल आईएमई बैंक बिराटनगरमा जम्मा रहेको धरौटी रकम सम्बन्धी हिसाब फरफारक गरी व्यवस्थापन गर्ने सम्बन्धी निर्णय कार्यान्वयनको प्रक्रियामा रहेपनि सम्पन्न नभएको पाइयो ।

२.३. संस्थाको विनियम २०५० (पुनर्लेखन २०७७) को बुँदा ४८ र कर्पोरेट आर्थिक प्रशासन सम्बन्धी आन्तरिक कार्यविधि २०७६ (संशोधन २०८१) को बुँदा २४.४ मा भएको व्यवस्थाबमोजिम आर्थिक वर्ष २०८०।०८१ सम्मको कारोबारका आधारमा अन्तिम लेखा परीक्षण प्रतिवेदनबाट कायम हुन आएको संरक्षित पुँजी फिर्ता कोष बापतको रकममध्ये डेरी व्यवसाय र सहकारी पसल व्यवसाय मार्फत कुपन वितरणको लागि छुट्याइएको रु.५६,०१,३८१ वितरण हुन बाँकी रहेको पाइयो ।

३. ऋण लगानी प्रक्रिया, ऋणबापतको सुरक्षण वा धितोसम्बन्धी व्यवस्था :

३.१. **ऋण लगानी प्रक्रिया :**

संस्थाको बचत तथा ऋण व्यवसाय अन्तर्गतका ५९ वटा सेवाकेन्द्रमध्ये सदस्यलाई कर्जा लगानी गर्नका लागि ५९ वटा सेवाकेन्द्रमा सेवाकेन्द्रगत उपसमितिको व्यवस्था गरिएको छ । संस्थाको कर्जा सम्बन्धी आन्तरिक कार्यविधि अन्तर्गत रही प्रत्येक सेवाकेन्द्रगत उपसमिति र सेवाकेन्द्र प्रमुखलाई कर्जा लगानीको सीमा तोकी कर्जा स्वीकृत गर्ने अधिकार दिइएको छ । संस्थाद्वारा आफ्नो कार्यक्षेत्रभित्र ७ वटा क्षेत्रीय उपसमिति गठन गरी उक्त उपसमितिबाट सेवाकेन्द्रगत उपसमितिले प्राप्त गरेको स्वीकृत सीमाभन्दा माथि प्रति सदस्य रु.२५ लाखसम्मका कर्जाहरु स्वीकृत गर्ने र रु.२५ लाखभन्दा माथिका कर्जा लगानीको हकमा बचत तथा ऋण व्यवसाय उपसमितिलाई सिफारिस गर्ने अधिकारसहितको व्यवस्था गरिएको छ । संस्थाद्वारा एक सदस्यमा अधिकतम रु.१ करोड र एकै परिवारमा अधिकतम रु.२ करोडसम्मको कर्जा लगानी गर्न सकिने व्यवस्था गरिएको छ । सम्पूर्ण कर्जा लगानीलाई सञ्चालक समितिको नियमित बैठकबाट अनुमोदन गर्ने गरिएको छ ।

३.२. **धितोसम्बन्धी व्यवस्था :**

संस्थाबाट सदस्यलाई कर्जा लगानी गर्दा सदस्यको जग्गा, पक्की घर, सवारीसाधन र निक्षेपलाई धितोको रूपमा स्वीकार गर्ने गरिएको छ । धितो मूल्याङ्कन गर्दा सूचीकृत संस्थागत मूल्याङ्कनकर्ताको मूल्याङ्कन प्रतिवेदनका आधारमा धितो मूल्याङ्कन गरी ऋण लगानी गर्ने व्यवस्था गरिएको छ ।

४. सहकारी सम्बन्धी ऐन नियमहरूको पालनासम्बन्धी सङ्क्षिप्त विवरण :

४.१. सहकारी ऐन २०७४ को परिच्छेद ७ को दफा ५०(७) अनुसार 'बचत सङ्कलन र ऋण प्रवाहको सीमा सम्बन्धी व्यवस्थामा संस्थाले आफ्ना सदस्यसँग निक्षेप सङ्कलन गर्दा प्राथमिक पुँजी कोष (सेयर+संस्थागत कोष) को बढीमा १५ गुणा मात्र सङ्कलन गर्न सक्नेछ' भनी उल्लेख गरिएकोमा संस्थाको प्राथमिक पुँजीकोष रु. २,३४,३२,७३,१३९ र निक्षेप रु.११,४०,९०,९८,४८६ रहेको देखिन्छ । जुन प्राथमिक पुँजी कोषको ४.८६ गुणा रहेको पाइएकाले ऐनको सीमाभित्र रहेको देखिन्छ । निक्षेप सङ्कलन र प्राथमिक पुँजी कोष बीच फराकिलो अन्तर कायमै रहेकोले निक्षेप बढाउन सकिने अवस्था रहेको देखिन्छ ।

४.२. सहकारी ऐन २०७४ को परिच्छेद ७ को दफा ५०(४) बमोजिम बचत तथा ऋणको ब्याजदर बीचको अन्तर ६ प्रतिशतभन्दा बढी हुन नहुने व्यवस्था रहेको र संस्था अन्तर्गत निक्षेपमा दिइने भारित औसत ब्याजदर ६.७२ प्रतिशत र कर्जाबाट प्राप्त हुने भारित औसत ब्याजदर १२.३४ प्रतिशत रहेको हुँदा भारित औसत ब्याजदर अन्तर (Spread Rate) ५.६२ प्रतिशत रहेकोले निक्षेप र कर्जाको ब्याजदर अन्तर ऐन बमोजिम रहेको देखिन्छ ।

४.३. सहकारी ऐन २०७४ को परिच्छेद ५ को दफा ३० मा उल्लेख भएको सदस्यता सम्बन्धी व्यवस्थाको बुँदा नं. २ बमोजिमको व्यवस्था बाहेकका नाफामूलक फर्म तथा संस्थाहरू विगतमा सदस्य बनेको पाइएकाले यथाशीघ्र त्यस्ता सदस्यको सेयर र बचत फिर्ता गरी सदस्यता समाप्त गर्न अघिल्लो साधारण सभामा सुझाव दिइएकोमा संस्थाको तर्फबाट त्यस्ता सम्पूर्ण संस्थाहरुलाई खाताबन्दको लागि पत्राचार गरी अधिकांश कार्यान्वयनको अवस्थामा रहेको पाइयो ।

५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित सङ्घले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरू कार्यान्वयन सम्बन्धी विवरणहरू :

५.१. मिति २०८१।०५।०९ गते भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभागको तर्फबाट संस्थाको सघन अनुगमन गरिएको भएतापनि टिप्पणी उठान गरिएको प्रतिवेदन सम्बन्धित विभागबाट प्राप्त नभएको पाइयो ।

५.२. राष्ट्रिय सहकारी बैंक लि. (NCBL) को CARE कार्यक्रम अन्तर्गत मिति २०८१ पुस २५ गते संस्थामा अनुगमन भएको देखिन्छ । CARE ले उठान गरेका टिप्पणीहरु निरन्तर सुधार तथा कार्यान्वयनको क्रममा रहेको पाइयो ।

६. पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण :

६.१. पारिश्रमिक : संस्थाका कुनै पनि पदाधिकारीले मासिक रूपमा पारिश्रमिक लिएको देखिएन ।

६.२. बैठक भत्ता : संस्थाका पदाधिकारीहरूले निम्न बमोजिम बैठक भत्ता लिएको पाइएको छ ।

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | सञ्चालक समिति अध्यक्षलाई प्रति बैठक | ३,००० |
| २ | सञ्चालक समिति वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, | २,५०० |
| ३ | सचिव, सहसचिव र अन्य सदस्यलाई प्रति बैठक | |
| ४ | लेखा सुपरीवेक्षण समिति संयोजकलाई प्रति बैठक | ३,००० |
| ५ | लेखा सुपरीवेक्षण समिति सदस्यलाई प्रति बैठक | २,५०० |
| ६ | लेखा सुपरीवेक्षण समितिको निरीक्षण प्रति बैठक | २,००० |
| ७ | पदाधिकारी उपसमिति अध्यक्षलाई प्रति बैठक | ३,००० |

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| ८ | पदाधिकारी उपसमिति सदस्यहरुलाई प्रति बैठक | २,५०० |
| ९ | व्यवसायगत उपसमिति संयोजकलाई प्रति बैठक | २,००० |
| १० | व्यवसायगत उपसमिति सदस्यहरुलाई प्रति बैठक | १,५०० |
| ११ | क्षेत्रीय समन्वय/क्षेत्रीय उपसमिति संयोजकलाई प्रति बैठक | १,५०० |
| १२ | क्षेत्रीय समन्वय/क्षेत्रीय उपसमिति सदस्यलाई प्रति बैठक | १,००० |
| १३ | विषयगत उपसमिति संयोजकलाई प्रति बैठक | १,५०० |
| १४ | विषयगत उपसमिति सदस्यलाई प्रति बैठक | १,००० |
| १५ | सेवाकेन्द्रगत उपसमिति संयोजकलाई प्रति बैठक | १,००० |
| १६ | सेवाकेन्द्रगत उपसमिति सदस्यलाई प्रति बैठक | ८०० |
| १७ | एकाइ उपसमिति संयोजकलाई प्रति बैठक | ७०० |
| १८ | एकाइ उपसमिति सदस्य र सदस्य सचिवलाई प्रति बैठक | ६५० |
| १९ | सम्पूर्ण समिति तथा उपसमितिको विस्तारित बैठकमा | ७०० |

६.३. समिति/उपसमितिहरुको बैठक भत्ता सुविधा आ.व २०७६/०७७ देखि वृद्धि नभएको र साविककै सुविधा कायम रहेको पाइयो ।

६.४. अन्य सुविधाहरु :

सञ्चार सुविधा :

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १. | सञ्चालक समिति अध्यक्षलाई मासिक | ५,००० |
| २. | लेखा सुपरीवेक्षण समिति संयोजकलाई मासिक | ५,००० |
| ३. | सञ्चालक समितिका वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र सदस्यलाई मासिक | ३,००० |
| ४. | लेखा सुपरीवेक्षण समिति सदस्यलाई मासिक | ३,००० |
| ५. | व्यवसायगत उपसमिति संयोजकलाई मासिक | ३,००० |
| ६. | व्यवसायगत उपसमिति सदस्यलाई मासिक | १,८०० |
| ७. | विषयगत उपसमिति संयोजकलाई मासिक | १,५०० |
| ८. | क्षेत्रिय उपसमिति संयोजकलाई मासिक | १,५०० |
| ९. | क्षेत्रिय उपसमिति सदस्यलाई मासिक | १,००० |
| १०. | सेवाकेन्द्रगत उपसमिति संयोजकलाई मासिक | २,५०० |
| ११. | सेवाकेन्द्रगत उपसमिति सदस्यलाई मासिक | १,५०० |

नोट : कुनै पनि पदाधिकारीहरुको जिम्मेवारी दोहोरिएको अवस्थामा सञ्चार सुविधा दोहोरो नहुने व्यवस्था रहेको पाइयो ।

६.५. प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तथा सेवा सुविधा : प्रमुख कार्यकारी अधिकृतको सेवा करार सम्बन्धी सम्झौताको बुँदा नं. १७ बमोजिम मासिक पारिश्रमिक रु. १,५५,०००।- (एक लाख पचपन्न हजार मात्र) र जिम्मेवारी भत्ता बापत मासिक रु.२०,०००।- (बिस हजार मात्र) रहेको छ । यसका अतिरिक्त चाडपर्व खर्च बापत वार्षिक रूपमा एक महिनाको पारिश्रमिक र साधारण सभाको निर्णय बमोजिम कर्मचारीलाई प्रदान गरिने बोनस बापतको रकम मात्र उपलब्ध गराउने व्यवस्था रहेको छ । यसका अतिरिक्त बैठक भत्ता तथा अतिरिक्त समय कार्य गरे बापत अतिरिक्त समय भत्ता सुविधा नरहेको पाइयो ।

७. कर्मचारी प्रशासनसम्बन्धी व्यवस्थाहरू :

७.१. साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी कार्यविधि : भएको

७.२. भर्ना प्रक्रिया पारदर्शी र प्रतिस्पर्धी : भएको

७.३. कार्यरत कर्मचारीहरू र कार्यबोझबीच तादाम्यता : रहेको

७.४. व्यवस्थापन प्रमुखको योग्यता र क्षमतासम्बन्धी विवरण :

(क) शैक्षिक योग्यता : एमबीए, बिएल

(ख) अन्य तालिम : व्यवस्थापन विकास, पर्ल्स विश्लेषण, उत्प्रेरणा, वित्तीय व्यवसाय प्रवर्द्धन, MANAGEMENT OF COOPERATIVE BANKING, MANAGEMENT OF MODERN AGRICULTURE & AGRICULTURE WORK, CUDCC, CICTAB, ACCESS BRANDING TECHNICAL AUDITORS TRAINING, नेतृत्व विकास, तनाव व्यवस्थापन लगायतका तालिमहरु

७.५. कर्मचारीहरूको भर्ना प्रक्रिया र सङ्ख्या :

७.५.१. कर्मचारीहरूको भर्ना तथा बढुवा प्रक्रिया : खुला प्रतिष्पर्धाबाट कर्मचारी छनोट गर्दा कर्पोरेट कार्यालय तथा सम्पूर्ण व्यवसायका लागि प्रशासन तथा प्राविधिक समूह अन्तर्गत आवश्यक पर्ने कर्मचारीमध्ये व्यवस्थापकीय श्रेणी, अधिकृत श्रेणी, वरिष्ठ सहायक श्रेणी र कार्यालय सहायक श्रेणीको कर्मचारीको छनोट सम्बन्धी प्रक्रिया एनएमसी सेवा आयोगले पूरा गरी अन्तिम स्वीकृतिका लागि सञ्चालक समिति समक्ष सिफारिस गर्ने व्यवस्था रहेको छ ।

७.५.२. कर्मचारी सङ्ख्या : संस्थामा २०८२ असार मसान्तसम्म निम्न बमोजिमको सङ्ख्यामा कर्मचारीहरू कार्यरत रहेको पाइयो :

| व्यवसाय | महिला | पुरुष | संख्या |
|---|---|---|---|
| बचत तथा ऋण | ४९७ | ३३१ | ८२८ |
| डेरी | ५ | ८० | ८५ |
| एनएमसी एग्रो फार्म | ४२ | ५ | ४७ |
| सहकारी पसल | ७० | ५९ | १२९ |
| चिया | १३ | ५४ | ६७ |
| कर्पोरेट | ८ | ३३ | ४१ |
| जम्मा | ६३५ | ५६२ | ११९७ |

७.६. आ.व. २०८१/०८२ असार मसान्तमा संस्थामा जम्मा ११९७ कर्मचारी कार्यरत रहेको देखिन्छ । सो तथ्यांकमा मासिक वेतनभोगी कर्मचारी, ज्यालादारी कर्मचारी तथा १५५ जना सुरक्षा सहयोगी समेतको विवरण समावेश गरिएको छ ।

८. लेखा सुपरीवेक्षण समितिले यसअघि दिएका सुझावको कार्यान्वयनको अवस्था :

८.१. लेखा सुपरीवेक्षण समितिको तर्फबाट संस्थाको बचत तथा ऋण सेवाकेन्द्रहरूको नगद व्यवस्थापन र नगद ढिकुटी (भल्ट) को अवस्था निरीक्षण गर्दा केही सेवाकेन्द्रहरूमा ढिकुटीको तोकिएको सीमाभन्दा बढी रकम रहने गरेको, खुद्रा र झुत्रा नोटहरू रहने गरेको, ढिकुटी तथा तालाचाबी लगबुक अद्यावधिक नरहने गरेको जस्ता त्रुटिहरू पाइएकाले सोलाई सच्याउन र नगद व्यवस्थापन कार्य अद्यावधिक गर्न दिइएको सुझावहरूको कार्यान्वयन पूर्ण रूपमा हुन नसकेको देखिन्छ ।

८.२. केही सेवाकेन्द्रगत उपसमिति तथा भौगोलिक एकाइ उपसमितिका बैठकका निर्णयहरू प्रमाणित नगरिएको, बैठक निर्णय पुस्तिकामा उपस्थित सदस्यको दस्तखत नरहेको, बैठकको एजेण्डा बमोजिम निर्णयलेखन नभएको र बैठकका निर्णय लेखन गर्दा तथ्यांक समावेश नगरी प्रगति समीक्षा मात्र गर्ने गरेको भनी अघिल्लो साधारण सभामा उठान गरिएका सुझावहरुको कार्यान्वयन सन्तोषजनक रहेको पाइयो ।

८.३. संस्था अन्तर्गत निरीक्षण गरिएका व्यवसाय तथा सेवाकेन्द्रको दैनिक कारोबारको भौचरसँग संलग्न गरिने आवश्यक बिल, भर्पाइ, चेक र अन्य आर्थिक विवरणहरू प्रमाणित गरी अद्यावधिक गर्न र सो सम्बन्धी त्रुटिलाई सच्याउन दिइएको सुझावहरुको कार्यान्वयन सन्तोषजनक रहेको देखिन्छ ।

८.४. संस्थाद्वारा कर्जा लगानी गर्दा आयस्रोतको रुपमा प्रस्तुत गरिएको व्यवसायहरुको दर्ता, नवीकरण तथा करचुक्ता समावेश गर्न तथा परियोजनामा ऋणीको लागत सहभागिता प्रष्टसँग उल्लेख गर्न दिइएको सुझाव आंशिक रुपमा कार्यान्वयन भएको पाइयो ।

८.५. संस्थाको बचत तथा ऋण व्यवसायका सेवाकेन्द्र मार्फत कर्जा लगानीको प्रक्रिया र कर्जा फाइलहरूसँग सम्बन्धित आवश्यक कागजातहरू संलग्न राख्न गत साधारण सभामा दिएको सुझाव कार्यान्वयन भएको देखिन्छ ।

८.६. नियमित कर्जा सदुपयोगिता निरीक्षण प्रभावकारी ढंगबाट नगरिएको पाइयो ।

८.७. संस्था अन्तर्गत डेरी व्यवसायमा डेरी उद्योगले दुग्ध उत्पादन बिक्रेतालाई उपलब्ध गराएको डिप फ्रिज बापतको उठ्न बाँकी रकम असुल गर्न दिएको सुझाव पूर्ण रूपमा कार्यान्वयन नभएको पाइयो ।

८.८. डेरी उद्योग परिसरमा रहेको RO Water Filter प्लान्टको उत्पादनमूलक उपयोग नभएकाले सोमा गरिएको लगानी सदुपयोग हुन नसकेको देखिन्छ ।

९. लेखा सुपरीवेक्षण समितिले उल्लेख गर्न चाहेका विवरणहरू :

आर्थिक वर्ष २०८१।०८२ मा लेखा सुपरीवेक्षण समितिबाट संस्थाका विभिन्न व्यवसाय तथा सेवाकेन्द्रहरूमा गरिएको निरीक्षण सम्बन्धी कार्यको मुख्य विवरण संक्षिप्त रूपमा निम्नानुसार उल्लेख गरिएको छ :

९.१. संस्थाको लेखा सुपरीवेक्षण समिति र समिति अन्तर्गतको आन्तरिक लेखा परीक्षण विभागद्वारा संस्थाको कर्पोरेट कार्यालय, बचत तथा ऋण व्यवसाय, डेरी उद्योग, एनएमसी एग्रो फार्म, सहकारी पसल र चिया व्यवसायको आर्थिक कारोबार, भौतिक व्यवस्थापन, निर्माण कार्य, कर्मचारी व्यवस्थापन लगायतका गतिविधिहरूको निरीक्षण एवम् अनुगमन गरी प्राप्त त्रुटि एवम् कमजोरीउपर कैफियत जनाउँदै नीतिगत र प्रक्रियागत सुधारका लागि आवश्यक सुझाव मासिक रूपमा आलेप विभागको प्रतिवेदन मार्फत र त्रैमासिक रूपमा लेखा सुपरीवेक्षण समितिको बैठकबाट प्रतिवेदन तयार गरी सञ्चालक समितिको बैठकमा पेस गर्ने गरिएको छ ।

९.२. संस्थाको बचत तथा ऋण व्यवसाय अन्तर्गतका सेवाकेन्द्रहरूको नगद ढिकुटी र नगद व्यवस्थापन, आर्थिक कारोबारको गोश्वारा भौचर, वित्तीय अवस्था, कर्जा लगानी र कर्जा व्यवस्थापन, कर्मचारी र सेवाकेन्द्र व्यवस्थापन, ई-हाजिरी, पोसाकलगायत सबै पक्षको निरीक्षण गर्दा प्राप्त त्रुटि एवम् कमजोरीको सुधारका लागि ध्यानाकर्षणसहित सञ्चालक समितिको बैठकमा प्रतिवेदन पेस गर्ने गरिएको छ ।

९.३. लेखा सुपरीवेक्षण समितिद्वारा सञ्चालक समिति, पदाधिकारी उपसमिति, व्यवसायगत उपसमिति, क्षेत्रीय उपसमिति, विषयगत उपसमिति, सेवाकेन्द्रगत उपसमिति र भौगोलिक एकाइ उपसमितिको बैठकका निर्णय र तिनको कार्यान्वयनका अवस्था, उक्त सम्पूर्ण समिति/उपसमिति पदाधिकारीहरु लगायतको ऋण फाइल तथा असुलीको अवस्था बारेको अध्ययन गरी प्राप्त कैफियत सुधारका लागि ध्यानाकर्षणसहित सुझाव दिइने

गरेको छ । साथै आलेपद्वारा निरीक्षण गरी त्रुटि सुधारका लागि दिएको सुझावको कार्यान्वयनको अवस्था, सम्पूर्ण सेवाकेन्द्रहरूको निरीक्षणमा उठान गरिएको टिप्पणी, कैफियतका स्पष्टिकरणस्वरूप प्राप्त प्रतिउत्तरको अध्ययन एवम् निरीक्षण, सबै विभाग एवम् विषयगत उपसमितिहरुको गतिविधि/कार्यक्रम सञ्चालनको अवस्था र उपलब्धी मूल्याङ्कन लगायत संस्था सञ्चालन र व्यवस्थापन सम्बन्धी विविध पक्षको अध्ययन, निरीक्षण र अनुगमन गरी नीतिगत र प्रक्रियागत सुधारका लागि सञ्चालक समितिको बैठकमा सुझाव पेस गर्ने गरिएको छ ।

९.४. संस्था अन्तर्गतका सम्पूर्ण व्यवसाय तथा व्यावसायिक एकाइहरूमा कार्यरत कर्मचारीबाट कार्यसम्पादनको क्रममा हुने सम्भावित त्रुटि एवम् कमजोरीलाई न्यूनीकरण गर्दै कार्यसम्पादनमा प्रभावकारिता ल्याउन शिक्षा तथा तालिम उपसमितिको आयोजनामा लेखा सुपरीवेक्षण समिति र आन्तरिक लेखा परीक्षण विभागको संलग्नतामा कर्मचारीलाई आवश्यकता अनुसार त्रुटि न्यूनीकरण सम्बन्धी प्रशिक्षण दिइने गरिएकोमा आ.व. २०८१।०८२ मा समेत सो सम्बन्धी तालिम सञ्चालन भएको छ ।

९.५. संस्था अन्तर्गतका समिति तथा उपसमिति पदाधिकारीहरुको नाममा लगानी गरिने कर्जा सम्बन्धी सम्पूर्ण प्रक्रिया बचत तथा ऋण प्रधान कार्यालय मार्फत तथा कर्जा लगानी सम्बन्धी निर्णय बचत तथा ऋण व्यवसाय उपसमिति मार्फत गर्ने व्यवस्था रहेको छ ।

९.६. प्रचलित कानुन, सहकारी ऐन, नियमावली र संस्थाका आन्तरिक कार्यविधिबमोजिम संस्थाका चल अचल सम्पत्तिको उचित प्रयोग र व्यवस्थापन गर्न, स्वीकृत बजेटको सीमाभित्र रही खर्च गर्न र औचित्य पुष्टि हुने गरी मितव्ययिताको सिद्धान्त अपनाउँदै कारोबार तथा लेखा प्रणालीलाई स्पष्ट, पारदर्शी र व्यवस्थित राख्न सुझाव दिइने गरिएको छ ।

९.७. संस्थाको बचत तथा ऋण व्यवसाय अन्तर्गत विभिन्न शीर्षकहरूमा भएको कर्जा प्रवाहको अवस्था, हालसम्म अपलेखन गरिएका कर्जाको विवरण र धितो लिलामबाट संस्थाले सकार गरेको गैरवित्तीय सम्पत्तिको प्राप्त विवरण निम्न अनुसार रहेको छ ।

(क) कर्जा प्रवाह विववरण २०८२ असार मसान्त :

| क्र.स. | कर्जाको प्रकार | रकम | प्रतिशत |
|---|---|---|---|
| १ | व्यापारिक कर्जा | २,९२,६१,७५,०५८ | २६.२३ |
| २ | आवधिक कर्जा | १,४७,२३,९२,०५८ | १३.२० |
| ३ | व्यक्तिगत कर्जा | १,४२,१७,४८,६५३ | १२.७४ |
| ४ | सरल कर्जा | १,३१,५९,७४,४७४ | ११.७९ |
| ५ | एनएमसी सुलभ कर्जा | ४०,६१,५८,२१९ | ३.६४ |
| ६ | एनएमसी विशेष कर्जा | ३५,१९,७४,७८२ | ३.१५ |
| ७ | गृह निर्माण कर्जा | ५६,२८,९७,९७७ | ५.०५ |
| ८ | आवधिक बचत रसिद कर्जा | ४६,६४,९१,३८१ | ४.१८ |
| ९ | लघु कर्जा | ८५,०९,६७,८६३ | ७.६३ |
| १० | कृषि कर्जा | ३३,५९,२७,३४० | ३.०१ |
| ११ | एनएमसी विषेश कर्म्भजन कर्जा | ४१,३८,५९,७३५ | ३.७१ |
| १२ | कर्मचारी सहुलियत कर्जा | २३,६६,८५,७०२ | २.१२ |
| १३ | मार्जिन कर्जा | ११,४६,८०,०९७ | १.०३ |
| १४ | विपन्न वर्ग कर्जा | ६,८३,२८,७२९ | ०.६१ |
| १५ | सवारी कर्जा | ६,६२,०८,९२९ | ०.५९ |
| १६ | सामुहिक जमानत कर्जा | १,९४,२९,८०८ | ०.१७ |

| क्र.स. | कर्जाको प्रकार | रकम | प्रतिशत |
|---|---|---|---|
| १७ | एनएमसी कन्भर्जन कर्जा | ८३,४४,००० | ०.०७ |
| १८ | कोभिड विशेष कर्जा | ३७,७८,७०८ | ०.०३ |
| १९ | युवा स्वरोजगार कर्जा | १,५६,००० | ०.०० |
| २० | बैदेशिक अध्ययन तथा रोजगार कर्जा | ९,६९,५८,६१७ | ०.८७ |
| २१ | उद्यमशिल कर्जा | १,७९,८७,३७६ | ०.१६ |
| | जम्मा | ११,१५,७१,२५,५०५ | १००.०० |

संस्थाद्वारा गरिएको कूल कर्जा लगानीमा व्यावसायिक कर्जा, सहज कर्जा, व्यक्तिगत कर्जा, माइक्रो कर्जा, आवधिक कर्जा र व्यवसाय समृद्धि कर्जा प्रतिशत उल्लेख्य रहेको छ । व्यावसायिक, स्थानीय उत्पादनको प्रशोधन तथा प्रवर्द्धन र उत्पादन वृद्धि तथा रोजगारीको अवसर सिर्जना हुने क्षेत्रमा कर्जा लगानी वृद्धिका लागि पहल गर्न सुझाव दिइएको छ ।

(ख) अपलेखन गरिएका कर्जाको विववरण (असार मसान्त २०८२)

| | सङ्ख्या | साँवा रकम | ब्याज रकम |
|---|---|---|---|
| ०८०/८१ असार मसान्तसम्मको | १२६ | १३,३९,५५६ | ८,७३,८५३ |
| ०८१/०८२ को मात्र | २ | ३२,६११ | ५३०९ |
| ०८१/८२ असार मसान्त सम्मको | १२८ | १३,७२,१६७ | ८,७९,१६२ |

माथि उल्लिखित विवरण अनुसार यस आ.व.मा कालीकोशी सेवाकेन्द्र अन्तर्गतका बिना धितो कर्जाको लामो समयदेखि कर्जा असुल नभएको र हुने सम्भावना समेत नदेखिएकोले प्राप्त सिफारिस समेतका आधारमा २ वटा कर्जाको साँवा तथा ब्याज अपलेखन गरेको पाइयो ।

(ग) धितो लिलामबाट सकार गरिएको गैर वित्तीय सम्पत्तिको विवरण (२०८२ असार मसान्तसम्म) :

| विवरण | सङ्ख्या | साँवा रकम | जग्गाको क्षेत्रफल (व.मि.) |
|---|---|---|---|
| गत आ.व.को अल्या | १२ | १,२१,२१,६४७ | १७९८८.९५ |
| यस वर्षको सकार गरिएको | २ | १,६२,५०,७५३ | २५९८.८३ |
| यस बर्षमा बिक्री गरिएको | १ | २९५,४९० | १६९.३१ |
| यस वर्षको अन्त्यमा बाँकी | १३ | २,८०,७६,९१० | २०४१८.४७ |

संस्थाले गैह्रबैंकिङ सम्पत्तिको अवस्था अध्ययन गर्दा संस्थामा हाल जम्मा संख्या १३ र क्षेत्रफल २०४१८.४७ वर्गमिटरको जग्गा मूल्य रु. २,८०,७६,९१०/- बराबरको गैह्रबैंकिङ सम्पत्ति कायम रहेको पाइयो । संस्थामा रहेको गैरवित्तीय सम्पत्ति बिक्री गरी निष्क्रिय सम्पत्तिलाई सक्रिय चल सम्पत्तिमा रूपान्तरण गर्न र लगानीयोग्य रकम उत्पादनमूलक क्षेत्रमा लगानी बढाई प्रतिफलयोग्य बनाउनका लागि यथासक्य चाँडै वित्तीय सम्पत्तिको बिक्री गरी नगदमा परिणत गर्न सुझाव दिइएको छ ।

१०. लेखा सुपरीवेक्षण समितिका अन्य सुझावहरू :

१०.१. एकाघर परिवारमा कर्जा लगानी गर्दा कर्जा माग गरिएको रकमको साँवा किस्ता र ब्याज असुल हुन सक्ने दिगो र भरपर्दो आयस्रोत पहिचान तथा यकिन गरेर मात्र कर्जा सिफारिस, स्वीकृति र लगानीको निर्णय लिन सुझाव दिइएको छ ।

संस्था ले Right of Use (ROU) सम्पत्तिलाई पट्टा सुरु भएको मिति देखी ROU को अनुमानित उपयोग अवधी वा पट्टा अवधीको अन्त्य सम्म समदर ह्रासकट्टी दर प्रणाली (Straight Line) आधारमा ह्रासकट्टी गर्दछ ।

समूहले नोक्सानीका सूचकहरु (Impairment Indicator) देखिएको अवस्थामा नोक्सानी व्यवस्थाको पनि मूल्याङ्कन गर्दछ ।

प्रारम्भ मितिमा समूहले उक्त मितिमा भुक्तान नगरिएका पट्टा भुक्तानीहरुलाई पट्टामा निहित ब्याजदर (यदि उपलब्ध छ भने वा संस्थाको वृद्धिशील सापटीको दर (Incremental Borrowing Rate) को आधारमा वर्तमान मूल्यमा पट्टा दायित्व (Lease Liability) को मापन गर्दछ ।

संस्थाले छोटो अवधीका पट्टाहरु र कम मूल्य सम्पत्तिको भाडामा व्यवहारीक उपयोगीताहरु प्रयोग गरेर, Right या use Assets (ROU) र पट्टा दायित्व (Lease Liability) को पहिचान गर्नुको सट्टा यस सम्बन्धी भुक्तानीलाई पट्टा अवधीमा समदर प्रणली मार्फत सोझै नाफा नोक्सानमा गणना गर्दछ । Right of Use Assets (ROU) लाई वासलातमा सम्पत्ति अन्तर्गत र पट्टा दायित्वलाई दायित्व अन्तर्गत प्रस्तुत गरिएको छ ।

३.२१. विदेशी मुद्रा विनिमय

विदेशी मुद्रामा भएका कारोबारहरु प्रारम्भिक रुपमा कारोबार भएको मितिमा प्रचलित सटही दरमा नेपाली मुद्रामा लेखाङ्कन गरिन्छ । विदेशी मुद्रामा लेखाङ्कन गरिएका मौद्रिक सम्पत्ति र दायित्वहरु वित्तीय विवरण अवस्थिति मितिको कार्यात्मक (नेपाली) मुद्रा सटही दरमा पुर्नरुपान्तरण गरिन्छ । यस्तो लेनदेनको बन्दोबस्तको परिणामस्वरूप विदेशी विनिमय लाभ र नोक्सान, र विदेशी मुद्रामा मूल्यहीन मौद्रिक सम्पत्ति र दायित्वहरूको वर्षको अन्त्यमा विनिमय दरबाट नाफा वा नोक्सानमा पहिचान र लेखांकन गरिन्छ । गैरमौद्रिक सम्पत्ति र दायित्वहरु ऐतिहासिक मूल्यमा राखिएको छ भने ऐतिहासिक सटही दर अनुसार राखिन्छ वा fair value मा राखिएको छ भने वर्ष अन्त्यको सटही दरमा राखिन्छ र त्यसबाट प्राप्त हुने सटही लाभ वा नोक्सानलाई कि त नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ वा सम्पत्ति वा दायित्वमा भएको लाभ वा हानीको आधारमा अन्य विस्तृत आम्दानीमा राखिन्छ ।

३.२२. कर्जा प्रतिबद्धता

कर्जा प्रतिवद्धता भनेको पूर्व निर्दिष्ट सर्त र सर्तहरू अन्तर्गत रही कर्जा प्रदान गर्ने प्रतिवद्धता हो । यस्तो कर्जा रद्द गर्न मिल्ने वा नमिल्ने कर्जाको रुपमा हुन सक्छ जसको भुक्तानी सहकारीले आर्थिक वर्षको अन्त्यसम्म गरेको हुँदैन ।

३.२३. सेयर पुँजी

जब नगद, आफ्नै वित्तीय सम्पत्ति वा आफ्नै इक्विटी उपकरणहरुको उपलब्ध संख्यामा हस्तान्तरण हुने कुनै सम्झौता हुँदैन तब वित्तीय उपकरण मुद्धालाई इक्विटीको रुपमा वर्गीकरण गरिन्छ । नयाँ शेयर जारी गर्दाका बखत लागेका खर्चहरुमा लाग्ने खर्चहरुबाट कर लाभ बापतको रकम घटाई आउने खुद रकमलाई समेत इक्विटीको रुपमा देखाइन्छ ।

इक्विटीको रुपमा वर्गीकरण गरिएको साधारण शेयरको लाभांश जुन अवधिमा घोषणा गरिएको हुन्छ सोही अवधिमा इक्विटीको रुपमा लेखांकन गरिन्छ । समय र प्रयासहरुको लागत तथा छोटो अवधिमा लागतले प्रदान गर्ने सुविधाहरुको तुलनामा प्रभावकारी ब्याज गणना विधि अपनाउन सम्भव छैन ।

| | | | |
|---|---|---|---|
| ठाकुरप्रसाद सिवाकोटी<br>अध्यक्ष<br>सञ्चालक समिति | रचना दाहाल<br>संयोजक<br>लेखा सुपरिवेक्षण समिति | लक्ष्मीप्रसाद उप्रेती<br>प्रमुख कार्यकारी<br>अधिकृत | सिए. गंगाराम बस्नेत<br>G.R.B. Associates<br>Birtamode, Jhapa |

३४

३.२४. कोषको बाँडफाँड

संस्थाको विनियम, २०५० मा तोकिए बमोजिम संस्थाले प्रत्येक आ.व. मा आर्जित खुद मुनाफाको रकमलाई देहाय बमोजिमको शीर्षकमा बाँडफाँड गर्ने नीति अपनाएको छ :

| विवरण | प्रतिशत |
|---|---|
| बाँडफाँड गर्नु अघिको खुद नाफाको : | |
| क. साधारण जगेडा कोष | २५ |
| साधारण जगेडा कोषमा बाँडफाँड गरी बाँकी रहेको नाफा रकमको : | |
| ख. संरक्षित पुँजी फिर्ता कोष | २५ |
| ग. सहकारी प्रवर्द्धन कोष | ०.५ |
| बाँकी रहेको नाफा रकमको | |
| घ. शेयर लाभांश कोष | ७० |
| ङ. सहकारी शिक्षा कोष | ५ |
| च. सहकारी विकास कोष | ५ |
| छ. घाटापूर्ती कोष | ५ |
| ज.सामुदायिक विकास कोष | १५ |

सोबाहेक वित्तीय विवरण तयार गर्ने क्रममा निम्न बमोजिमको थप कोषहरु समेत कायम राख्ने नीति रहेको छ :

३.२४.१. नियमनकारी कोष

NFRS को कार्यान्वयनको सन्दर्भमा संस्थाको मुनाफा वा संचित मुनाफाबाट छुट्याई खडा गरिने कोष हो र यस कोषमा रहेको रकम लाभांश वाड्ने प्रयोजनमा खर्च गर्न पाईदैन.। यस कोषमा पाकेको तर प्राप्त नभएको ब्याज, सहकारी सम्बन्धी कानुन र NFRS मा भएको व्यवस्था बमोजिम कर्जा नोक्सानी बापत छुट्याईएको रकमबीचको अन्तर रकम, स्थगन कर बापतको रकम, अन्य व्यापक आयमा पहिचान भएको वास्तविक नोक्सानबापतको रकम, NFRS अनुसार पहिचान भएको ख्याति बापतको रकमहरु पर्दछन।

३.२४.२. फेयर भ्यालु कोष

नाफा नोक्सानको माध्यमबाट फेयर भ्यालुको रुपमा वर्गीकरण नगरिएका, भुक्तानी अवधिसम्म नराखिएका, कर्जा तथा सापटीहरुलाई बिक्रीको लागि उपलब्ध वित्तीय उपकरणहरुमा वर्गीकरण गरिन्छ। फेयर भ्यालु मुभमेण्टमा भएको नाफा नोक्सानलाई विस्तृत आय अन्तर्गत लेखांकन गरिन्छ।

३.२५. प्रतिशेयर आम्दानी

सहकारी संस्थाका शेयरधनीहरुलाई बाँड्न मिल्ने आम्दानीको आधारमा प्रतिशेयर आम्दानीको मापन गर्दछ। नेपाल लेखामान मापन ३३ बमोजिम निश्चित अवधिमा कायमा रहेका शेयरहरुको भारित औसत नम्बरलाई शेयर संख्याको रुपमा लिइन्छ।

३.२६. प्रस्तावित लाभांश र संरक्षित पुँजी फिर्ता कोष वितरण

सहकारी संस्थाको सञ्चालक समितिबाट सहकारी संस्थाका शेयरधनीहरुलाई गत आर्थिक वर्ष २०८१।०८२ मा संस्थाले आर्जन गरेको खुद मुनाफामध्ये सेयर लाभांश कोषमा बाँडफाँड भएको रकम रु. १,१५,०२,३७३ र संरक्षित पुँजी फिर्ता कोषमा बाँडफाँड भएको रकम रु. ५५,१४,०८१ लाई वार्षिक साधारण सभाको निर्णयबमोजिम वितरण गरिने नीति लिएको छ।

| | | | |
|---|---|---|---|
| ठाकुरप्रसाद सिवाकोटी<br>अध्यक्ष<br>सञ्चालक समिति | रचना दाहाल<br>संयोजक<br>लेखा सुपरिवेक्षण समिति | लक्ष्मीप्रसाद उप्रेती<br>प्रमुख कार्यकारी<br>अधिकृत | सिए गंगाराम बस्नेत<br>G.R.B. Associates<br>Birtamode, Jhapa |

३५

Corporate Office : Mechinagar-6
Koshi Province, Jhapa

*प्रमुख लेखा नीतिहरु, २०८२ असार मसान्त*

४. थप खुलासाहरु

४.१. जोखिम व्यवस्थापन

संस्थाले आफ्नो सहकारी सञ्चालनलाई सुरक्षित राख्न जोखिम व्यवस्थापनमा बलियो जोड दिन्छ, विशेष गरी उच्च स्तरको वित्तीय जोखिम भएका क्षेत्रमा सुदृढ जोखिम व्यवस्थापन अभ्यासहरू लागू गरेर र निरीक्षणको स्पष्ट रेखाहरू कायम राखेर, तिनीहरूले आफ्नो सहकारी सम्बद्ध पहलहरूको दिगोपन र सफलता सुनिश्चित गर्ने लक्ष्य राख्छन् ।

४.२. समितिको पहल

सहकारी अन्तर्गत सञ्चालक समिति सहित गठन भएका विभिन्न समितिहरूले जोखिम व्यवस्थापन कार्यको व्यवस्थापनमा निर्णायक भूमिका खेल्छन् । जोखिम व्यवस्थापन कार्यका सम्बन्धमा विभिन्न बैठकहरूमा विभिन्न छलफल र एजेन्डाहरू राम्ररी छलफल गरिन्छ । यसले समय-समयमा जोखिम व्यवस्थापन प्रक्रियाको सत्यता, शुद्धता र तर्कसंगतता सुनिश्चित गर्न समीक्षा गर्दछ । यसले आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन प्रणाली राम्रोसँग व्यवस्थित र विवेकपूर्ण व्यवसाय सञ्चालन सुनिश्चित गर्न पर्याप्त छ वा छैन भनेर पनि समीक्षा गर्दछ ।

४.३. आन्तरिक नियन्त्रण प्रणाली

सहकारीमा उपयुक्त आन्तरिक नियन्त्रण ढाँचा रहेको सुनिश्चित गर्न सञ्चालक समिति जिम्मेवार छ जसले रणनीति र उद्देश्यहरूको उपलब्धिलाई समर्थन गर्दछ । सहकारीका विभिन्न कार्यहरूलाई विस्तार र वृद्धिको क्रममा उपयुक्त नियन्त्रण संयन्त्र स्थापना गर्ने दृष्टिले हेरिनुपर्छ जसले गर्दा यसले लाभदायक व्यवसायका अवसरहरूलाई अधिकतम बनाउन, नोक्सान वा प्रतिष्ठामा हानी पुऱ्याउन सक्ने जोखिमहरूबाट बच्न वा कम गर्न सक्षम बनाउँछ । लागू हुने कानुन र नियमहरू र बाह्य घटनाहरूमा लचिलोपन बढाउने । सहकारीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताका लागि सञ्चालक समिति, लेखा सुपरिवेक्षक समिति, व्यवस्थापन र आन्तरिक लेखा परीक्षकहरूद्वारा नियमित रूपमा समीक्षा गरिन्छ ।

४.४. जोखिम पहिचान

४.४.१. ऋण जोखिम

ऋण जोखिम भनेको सहमति भएका सर्तहरू अनुसार सहकारीलाई तिर्नका लागि ऋणीले आफ्नो अनुबन्धात्मक दायित्वहरू पूरा गर्न असफल हुँदा यससँग सम्बन्धित सिद्धान्त र लाभ गुम्ने सम्भावना हो । सहकारीभित्र स्थापित उपयुक्त अनुगमन र प्रतिवेदन ढाँचा मार्फत सहकारीको ऋण जोखिमलाई न्यूनीकरण गर्न ऋण जोखिम अनुगमन तथा प्रतिवेदन फ्रेमवर्क तयार गरिएको छ । सहकारीले ऋण जोखिमको प्रभावकारी व्यवस्थापनका लागि विभिन्न प्रणाली/नीति/प्रक्रिया/दिशानिर्देशहरू लागू गरेको छ ।

४.४.२. बजार जोखिम

बजार जोखिम भनेको बजार मूल्यमा भएको परिवर्तनको कारणले वित्तीय साधनको उचित मूल्य वा भविष्यमा नगद प्रवाहमा उतारचढाव हुने जोखिम हो । बजार जोखिम तीन प्रकारका जोखिमहरू समावेश गर्दछ : विदेशी विनिमय दर (मुद्रा जोखिम), बजार ब्याज दर र बजार मूल्य जोखिम ।

| ठाकुरप्रसाद सिवाकोटी | रचना दाहाल | लक्ष्मीप्रसाद उप्रेती | सिए गंगाराम बस्नेत |
|---|---|---|---|
| अध्यक्ष | संयोजक | प्रमुख कार्यकारी | G.R.B. Associates |
| सञ्चालक समिति | लेखा सुपरिवेक्षण समिति | अधिकृत | Birtamode, Jhapa |

३६

४.४.३. तरलता जोखिम

सहकारीले बजार स्तरको ब्याजदर वा धितोपत्र (इक्विटी) को मूल्य, विदेशी विनिमय दर र वस्तुको मूल्यमा हुने उतारचढाव, साथै अस्थिरताका कारणले गर्दा हुने आम्दानी वा आर्थिक मूल्यमा हानी हुने सम्भावनालाई सहकारीले बजार जोखिम मान्दछ। तरलता जोखिम भनेको सहकारीको दायित्व पूरा गर्न असफल हुने सम्भावना हो। प्रभावकारी तरलता जोखिम व्यवस्थापनले सहकारीको वित्तीय अवस्थालाई प्रतिकूल असर नगरी आफ्नो दायित्व पूरा गर्न सहकारीको क्षमता सुनिश्चित गर्न मद्दत गर्छ र प्रतिकूल अवस्थाको विकास हुने सम्भावनालाई कम गर्छ। तरलता जोखिमलाई सहकारीले नगद वा अन्य वित्तीय सम्पत्ति प्रदान गरेर तय गरिएका वित्तीय दायित्वहरूसँग सम्बन्धित दायित्वहरू पूरा गर्न कठिनाइको सामना गर्ने जोखिमको रूपमा परिभाषित गरिएको छ। सामान्य र तनाव दुवै अवस्थामा नगद प्रवाहको समय नमिलेको कारणले गर्दा सहकारीले आफ्नो भुक्तानी दायित्व पूरा गर्न नसक्ने सम्भावनाका कारण तरलता जोखिम उत्पन्न हुन्छ। तरल सम्पत्ति स्थितिहरूको लागि आवश्यक कोष स्वीकार्य सर्तहरूमा सहकारीमा उपलब्ध नभएमा यस्ता परिदृश्यहरू हुन सक्छन्। यस जोखिमलाई न्यूनीकरण गर्न व्यवस्थापनले आफ्नो कोर निक्षेप आधारका अतिरिक्त विविध कोषका स्रोतहरूको व्यवस्था गरेको छ र तरलतालाई ध्यानमा राखी सम्पत्ति व्यवस्थापन गर्ने र भविष्यमा नगद प्रवाह र तरलतालाई दैनिक रूपमा अनुगमन गर्ने नीति अपनाएको छ। सहकारीले तरलता जोखिम व्यवस्थापन गर्न आन्तरिक नियन्त्रण प्रक्रिया र आकस्मिक योजनाहरू विकास गरेको छ।

४.५. सम्भावित दायित्वहरु

सहकारीको विरुद्धमा साहु, आसामी तथा अन्य सम्बद्ध व्यक्ति, संस्था तथा नियमनकारी निकायले कुनैपनि किसिमको दावी नगरेको र कम्पनीले कुनै किसिमको लेनदेन कारोवारमा जमानी नबसेकोले वर्षको अन्त्यमा कुनै किसिमको सम्भावित दायित्व रहेको छैन्।

४.६. रिपोर्टिङ मितिपछिका घटनाहरू

प्रतिवेदन मिति पछिका घटनाहरू ती घटनाहरू हुन् जुन अनुकूल र प्रतिकूल, जुन रिपोर्टिङ मिति र वित्तीय विवरणहरू जारी गर्न अधिकार प्राप्त भएको मितिको बीचमा हुन्छन्। रिपोटिंङ मिति पछि भएका सबै सामग्री र महत्त्वपूर्ण घटनाहरू विचार गरीएको छ र NAS 10-"रिपोर्टिङ अवधि पछिका घटनाहरू" अनुसार उपयुक्त खुलासा गरिएको छ।

४.७. गैर बैंकिङ सम्पत्ति

गैरबैंकिङ सम्पत्तिहरू ऋण लागि सुरक्षाको रूपमा प्राप्त गरिएका सम्पत्तिहरू हुन् र पछि ऋण असुलीको क्रममा सहकारीले प्राप्त गरेको हुन्छ। त्यस्ता सम्पत्तिहरू उचित बजार मूल्य वा उधारकर्तांबाट तिर्नु पर्ने कुल रकम, जुन कम हुन्छ त्यस रकममा बुक गरिन्छ। रिपोर्टिङ मितिमा सहकारीमा भएका गैर-बैंकिङ सम्पत्तिहरू र सोमा गरिएका व्यवस्थाहरु अनुसूची ४.११ म उल्लेख गरिएका छन्।

४.८. ब्याज पुँजीकरण :

यस वर्षको अवधिमा संचित ब्याज पुँजीकरण गरिएको छैन।

४.९. अन्य सहकारी संस्थासगँको एकिकरण :

सहकारी संस्थाले आर्थिक वर्ष २०८१।०८२ मा बरबोटेली चिया उत्पादक सहकारी संस्था लि, इलाम ५, बरबोटेली, इलाम सगँ मिति २०८२।०१।१५ मा संयुक्त कारोबार गर्नेगरि एकिकरण गरिएको छ। उक्त संस्थाको कुल सम्पत्ति तथा दायित्व १,५३,९८,५१७ लाइ संस्थाको हिसाबमा लेखाङ्कन गरिएको छ।

| | | | |
|---|---|---|---|
| ठाकुरप्रसाद सिदाकोटी | रचना दाहाल | लक्ष्मीप्रसाद उप्रेती | सिए गंगाराम बस्नेत |
| अध्यक्ष | संयोजक | प्रमुख कार्यकारी | G.R.B. Associates |
| सञ्चालक समिति | लेखा सुपरिवेक्षण समिति | अधिकृत | Birtamode, Jhapa |

३७

४.१०. सम्बन्धित पक्षको खुलासाहरू

NAS 24 सम्बन्धित पक्षहरू अन्तर्गत सहकारीका लागि सम्बन्धित पक्षहरूको रूपमा निम्न पहिचान गरिएको छ :

क. सञ्चालकहरू

ख. प्रमुख व्यवस्थापन कर्मचारी

ग. सञ्चालकहरू र प्रमुख व्यवस्थापकीय कर्मचारीहरूका आफन्तहरू

संस्थाको सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिको निर्वाचन सम्पन्न भई मिति २०८० साउन १ गतेदेखि लागू हुनेगरी गठन भएको सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरुले आर्थिक वर्ष २०८१।०८२ मा प्राप्त गरेका सेवा सुविधा तथा कर्जा, शेयर र बचत तपसिल बमोजिम रहेको छ :

सञ्चालक समिति :

| क.सं. | नाम, थर | पद | बैठक भत्ता | सञ्चार सुविधा | शेयर | बचत | कर्जा | कर्जाको अवस्था |
|---|---|---|---|---|---|---|---|---|
| १ | ठाकुरप्रसाद सिवाकोटी | अध्यक्ष | २,२६,६६० | ६०,००० | २,२५,२०० | ४,६८,७१६ | - | |
| २ | रामचन्द्र उप्रेती | निवर्तमान अध्यक्ष | १,१६,७१३ | ३६,००० | ७,७२,५०० | ३,३३,६९४ | - | |
| ३ | भगवती घिमिरे | वरिष्ठ उपाध्यक्ष | १,३४,१५८ | ३६,००० | २,६६,४०० | ४,३९,१४१ | - | |
| ४ | विष्णु गौतम | उपाध्यक्ष | ८७,२४० | ३६,००० | २७,९०० | ४,७७,२४२ | - | |
| ५ | विकास प्रसाद उप्रेती | सचिव | १,३६,४२० | ३६,००० | १,१६,००० | ९२,३३३ | ८३४ | असल |
| ६ | अम्बिकाप्रसाद ढकाल | सह सचिव | १,८०,७७२ | ३६,००० | ९६,३०० | १,०६,६४४ | - | |
| ७ | दुर्गाप्रसाद भट्टराई | सदस्य | ७४,४६० | ३६,००० | ७१,८०० | १,८०,१९० | - | |
| ८ | सावित्रा दाहाल भट्टराई | सदस्य | ६९,०८० | ३६,००० | १,०६,१०० | ९२,६३८ | २,७८,४१३ | असल |
| ९ | सीताकुमारी श्रेष्ठ | सदस्य | ४४,०२० | ३६,००० | ८८,९०० | १७,८१,५३१ | - | |
| १० | राजु उप्रेती | सदस्य | ८०,१२० | ३६,००० | २,०७,००० | २६,७७,४८८ | - | |
| ११ | पवित्रा न्यौंपाने | सदस्य | ५६,६०० | ३६,००० | १,१३,१०० | ५५,६९,५०० | १,९६,४३८ | असल |
| १२ | हरिप्रसाद आचार्य | सदस्य | ५९,८८० | ३६,००० | १,४२,९०० | १२,७४,८०२ | - | |
| १३ | कुन्तादेवी खनाल | सदस्य | २५,५६० | १८,००० | १,२०,३०० | २,२६,४१९ | - | |
| १४ | तोमप्रसाद भट्टराई | सदस्य | ८०,२४० | २७,००० | २,१८,००० | ४९,४३,५७४ | - | |
| १५ | देवीप्रसाद उप्रेती | सदस्य | ६४,००० | ३६,००० | ५७,४०० | २,५१,०७९ | - | |
| १६ | प्रेमप्रसाद मैनाली | सदस्य | ९३,६६० | ३६,००० | ५४,२०० | ५६,१९७ | - | |
| | जम्मा | | १५,२९,५८३ | ५,७३,००० | २६,८४,००० | १,८९,७१,१८८ | ४,७५,६८४ | |

लेखा सुपरिवेक्षक समिति :

| क्र.सं. | नाम, थर | पद | बैठक भत्ता | सञ्चार सुविधा | शेयर | बचत | कर्जा | कर्जाको अवस्था |
|---|---|---|---|---|---|---|---|---|
| १ | रचना दाहाल | संयोजक | १,४१,५४९ | ६०,००० | १,१२,३०० | २,४०,१४९ | - | |
| २ | एकेन्द्र उप्रेती | सदस्य | १,०९,४८० | ३६,००० | ८८,६०० | ८५,९६७ | ५६,६५७ | असल |
| ३ | फाल्गुनी दाहाल | सदस्य | १,२४,११६ | ३६,००० | १,३८,८०० | १,५३,०५,४५३ | ५९,१५,५१० | असल |
| | जम्मा | | १९,०४,७२८ | ७,०५,००० | ३०,२३,७०० | ३,४६,०२,७८८ | ६४,४७,८५२ | |

ठाकुरप्रसाद सिवाकोटी
अध्यक्ष
सञ्चालक समिति

रचना दाहाल
संयोजक
लेखा सुपरिवेक्षण समिति

लक्ष्मीप्रसाद उप्रेती
प्रमुख कार्यकारी
अधिकृत

लिए गंगाराम बस्नेत
G.R.B. Associates
Birtamode, Jhapa

३८

संस्थाको प्रमुख कार्यकारी अधिकृतले आर्थिक वर्ष २०८१।०८२ मा प्राप्त गरेका सेवा सुविधा तपसिलबमोजिम रहेको छ :

| विवरण | रकम |
|---|---|
| आधारभूत तलब | १८,६०,००० |
| सामाजिक सुरक्षा कोषमा संस्थाको योगदान | ३,७२,००० |
| प्रमुख कार्यकारी भत्ता | २,४०,००० |
| चाडपर्व भत्ता | १,५५,००० |
| वार्षिक बोनस | २,९३,३५२ |
| सञ्चित बिदा बापतको रकम | ५१,६६६ |
| **जम्मा पारिश्रमिक** | **२९,७२,०१८** |
| पारिश्रमिक करकट्टी | ५,२०,१०७ |
| **खुद पारिश्रमिक** | **२४,५१,९११** |

४.११. क्षेत्रगत रिपोर्टिङ

सहकारी संस्थाको क्षेत्रगत रिपोर्टिङ NFRS 8 अपरेटिङ सेग्मेन्ट अनुसार छ। अपरेटिङ सेग्मेन्ट, सहकारी संस्थाको व्यवस्थापनलाई प्रदान गरिएको आन्तरिक रिपोर्टिङ अनुसार नै रिपोर्टिङ गरिएको छ। जुन अपरेटिङ सेग्मेन्टको स्रोतहरुको बाँडफाँट र कार्यसम्पादन मुल्यांकनको लागि जिम्मेवार छ। व्यापार क्षेत्रका सबै लेनदेन Arm's Length Basis मा गरिन्छन र इन्ट्रा सेग्मेण्ट, आय र खर्चहरु कर्पोरेट अफिसमा हटाइन्छ। आम्दानी र खर्चहरु प्रत्यक्ष रुपमा Business Segment Performance सँग सम्बन्धित हुन्छन्। सहकारी संस्थाको व्यवस्थापनले निर्णय प्रक्रियाको लागि व्यवसायको प्रकृतिको आधारमा निम्न क्षेत्रहरु निर्धारण गरेको छ।

| | | | |
|---|---|---|---|
| ठाकुरप्रसाद सिवाकोटी<br>अध्यक्ष<br>सञ्चालक समिति | रचना दाहाल<br>संयोजक<br>लेखा सुपरिवेक्षण समिति | लक्ष्मीप्रसाद उप्रेती<br>प्रमुख कार्यकारी<br>अधिकृत | सिए गंगाराम बस्नेत<br>G.R.B. Associates<br>Birtamode, Jhapa |

Corporate Office : Mechinagar-6
Koshi Province, Jhapa

३९

४.११.१. नाफा नोक्सानको विवरण

| विवरण | मुख्य व्यवसाय | डेरी व्यंवसाय | कृषि व्यवसाय | सहकारी पसल | चिया व्यवसाय | जम्मा |
|---|---|---|---|---|---|---|
| ब्याज आम्दानी | १,४२,१४,६३,६९८ | ६७,३४९ | ० | ५१,१६२ | ० | १,४२,१५,८२,२०९ |
| ब्याज खर्च | -७६,८३,५७,३३६ | ० | ० | ० | ० | -७६,८३,५७,३३६ |
| अन्तर व्यवसाय ब्याज आम्दानी/-खर्च | ३९,८८,६९४ | -१३,३०,०२० | -११,९५,२१५ | -१०,५४,०७४ | -४,०९,३८५ | ० |
| **खुद ब्याज आम्दानी** | **६५,७०,९५,०५६** | **-१२,६२,६७१** | **-११,९५,२१५** | **-१०,०२,९१२** | **-४,०९,३८५** | **६५,३२,२४,८७३** |
| बिक्री आम्दानी | ० | ४६,१३,७७,७५९ | ५,३५,५२,३७२ | ४२,५८,३१,६४७ | ८,५९,६३,८४५ | १,०२,६७,२५,६२३ |
| बिक्रि लागत | ० | -३७,२४,२५,७३२ | -४,३८,७६,९५८ | -३७,०९,५४,८६३ | -५,७०,००,९९६ | -८४,४२,५८,५४९ |
| **खुद बिक्रि आम्दानी** | **०** | **८,८९,५२,०२७** | **९६,७५,४१४** | **५,४८,७६,७८४** | **२,८९,६२,८४९** | **१८,२४,६७,०७५** |
| **खुद ब्याज तथा बिक्री आम्दानी** | **६५,७०,९५,०५६** | **८,७६,८९,३५६** | **८४,८०,१९९** | **५,३८,७३,८७२** | **२,८५,५३,४६४** | **८३,५६,९१,९४७** |
| अन्य सञ्चालन आम्दानी | ८,४२,१०,३६४ | १,१३,९५७ | २१,०७५ | २४,०३,००० | २८,७९,१३१ | ८,९६,२७,५२६ |
| **कुल सञ्चालन आम्दानी** | **७४,१३,०५,४२०** | **८,७८,०३,३१३** | **८५,०१,२७४** | **५,६२,७६,८७१** | **३,१४,३२,५९६** | **९२,५३,१९,४७३** |
| सम्भावित नोक्सानी व्यवस्थाहरु | -२१,४२,४९,७५४ | ० | ० | ० | ० | -२१,४२,४९,७५४ |
| सम्भावित नोक्सानी व्यवस्था बाट फिर्ता | ० | ० | ० | ० | ० | ० |
| **खुद सञ्चालन आम्दानी** | **५२,७०,५५,६६६** | **८,७८,०३,३१३** | **८५,०१,२७४** | **५,६२,७६,८७१** | **३,१४,३२,५९६** | **७१,१०,६९,७२०** |
| कर्मचारी खर्च | -२८,२९,९४,७१९ | -३,१२,७१,६५६ | -१,६२,२७,७७१ | -३,६८,११,३५५ | -१,१४,६७,८०४ | -३७,८७,७३,३०६ |
| अन्य सञ्चालन खर्च | -१३,५१,९३,५४७ | -३,७७,७५,९४६ | -६५,७८,६८५ | -२,१८,४४,४४५ | -५५,७३,०६६ | -२०,६९,६५,६८८ |
| ह्रासकट्टी तथा परिशोधन खर्च | -३,६९,६९,६५६ | -९९,५९,७०७ | -८७,१३,५३६ | -१,१६,६६,६२३ | -६४,६२,५७७ | -६,३७,७२,०९८ |
| **सञ्चालन मुनाफा** | **७,१८,९७,७४४** | **८७,९६,००४** | **-२,३०,१८,७१९** | **-१,४०,४५,५५२** | **७९,२९,१४८** | **५,१५,५८,६२६** |
| गैर सञ्चालन आम्दानी | ५४,००,८६१ | ५,८८,४८१ | १,५६,८४० | ९४,१०२ | ५,४७४ | ६२,४५,७५९ |
| गैर सञ्चालन खर्च | -१,४७,२४१ | -४,९८,२७० | -३७,०३७ | -८,३५,८९१ | ० | -१५,१८,४३९ |
| **आयकर अघिको नाफा** | **७,७१,५१,३६४** | **८८,८६,२१६** | **-२,२८,९८,९१६** | **-१,४७,८७,३४१** | **७९,३४,६२३** | **५,६२,८५,९४६** |
| **आयकर खर्च** | **-८१,६६,९७४** | **०** | **०** | **०** | **०** | **-८१,६६,९७४** |
| चालु आयकर | -७०,४१,०१८ | ० | ० | ० | ० | -७०,४१,०१८ |
| स्थगन कर आम्दानी/(खर्च) | -११,२५,९५६ | ० | ० | ० | ० | -११,२५,९५६ |
| **खुद नाफा(नोक्सान)** | **६,८९,८४,३९०** | **८८,८६,२१६** | **-२,२८,९८,९१६** | **-१,४७,८७,३४१** | **७९,३४,६२३** | **४,८१,१८,९७२** |

| | | | |
|---|---|---|---|
| **ठाकुरप्रसाद सिवाकोटी**<br>अध्यक्ष<br>सञ्चालक समिति | **रेखा दाहाल**<br>संयोजक<br>लेखा सुपरिवेक्षण समिति | **लक्ष्मीप्रसाद उप्रेती**<br>प्रमुख कार्यकारी<br>अधिकृत | **सिए गंगाराम बस्नेत**<br>G.R.B. Associates<br>Birtamode, Jhapa |

NMC coop
Corporate Office : Mechinagar-8
Koshi Province, Jhapa

४०

*प्रमुख लेखा नीतिहरु, २०८२ असार मसान्त*

४.११.२. सम्पत्ति तथा दायित्वको विवरण

| सम्पत्ति | मुख्य व्यवसाय | डेरी व्यवसाय | कृषि व्यवसाय | सहकारी पसल | चिया व्यवसाय | जम्मा |
|---|---|---|---|---|---|---|
| नगद मौज्दात | १९,९५,६६,९८१ | २,८४,९५७ | ९३,८२५ | १०,११,०३८ | ० | २०,०९,५६,००१ |
| बैंक /वित्तीय संस्थामा रहेको मौज्दात | २,६३,३७,८२,७४० | १७,६०,३२४ | ४,७१५ | १७,८४,६४९ | १,३७१ | २,६३,७३,३३,७९९ |
| अन्तिम मौज्दात (स्टक) | २,०३,४२,२१३ | ८,३३,७५,६४४ | १,१६,५२,९८९ | ८,९२,१७,५७९ | १,४४,३५,८६७ | २१,९०,२४,२९३ |
| व्युत्पन्न वित्तीय उपकरण | ० | ० | ० | ० | ० | ० |
| अन्य व्यापारिक सम्पत्तिहरु | ० | ० | ० | ० | ० | ० |
| लगानीमा रहेको कर्जा सापट | १०,६२,२७,७७,६०८ | ० | ० | ० | ० | १०,६२,२७,७७,६०८ |
| आयकर सम्पत्ति | २,०८,२७,२९२ | ० | ५४,४७६ | २३,४९४ | ० | २,०९,०५,२६१ |
| सम्पत्तिमा लगानी | ० | ० | ० | ० | ० | ० |
| बाह्य लगानी | १,८२,४१,५०० | ० | ० | ० | १६,००० | १,८२,५७,५०० |
| व्यवसायमा गरिएको आन्तरिक लगानी | ५१,१६,७७,७५५ | ० | ० | ० | ० | ५१,१६,७७,७५५ |
| स्थीर सम्पत्ति | ३१,७५,५१,१७८ | ७११,८०,७२७ | १७,९०,५७,४७५ | ३,५९,८९,४५१ | ९,४८,३६,७१९ | ६९,८६,१५,५५० |
| ख्याती तथा अमूर्त सम्पत्ति | ३२,८५,३१८ | ७,४५,८०० | २,९२,०७० | ३,५७,७९३ | २,८६,९०४ | ४९,६७,८८५ |
| जैविक सम्पत्ति | ० | ० | ५३,४०,९५१ | ० | ० | ५३,४०,९५१ |
| ROU सम्पत्ति | १४,४९,७९,५९७ | ० | ० | ० | ० | १४,४९,७९,५९७ |
| स्थगन कर सम्पत्ति | ० | ० | ० | ० | ० | ० |
| गैर बैंकिङ सम्पत्ति | ० | ० | ० | ० | ० | ० |
| अन्य सम्पत्ति | २१,९१,६९,५५३ | ५९,६९,३६४ | २०,६९,०३७ | -६२,९३,०३९ | १,२२,३६,९७२ | २३,३१,५१,८८७ |
| **कुल सम्पत्ति** | **१४,७१,२२,०१,७३५** | **१६,३३,१६,०१६** | **१९,८५,६५,४३८** | **१२,२०,९०,९६४** | **१२,१८,१३,८३३** | **१५,३१,७९,८८,०८७** |

ठाकुरप्रसाद सिवाकोटी
अध्यक्ष
सञ्चालक समिति

रचना दाहाल
संयोजक
लेखा सुपरिवेक्षण समिति

लक्ष्मीप्रसाद उपेती
प्रमुख कार्यकारी
अधिकृत

सिए गंगाराम बस्नेत
G.R.B. Associates
Birtamode, Jhapa

४१

NMC coop
Corporate Office : Mechinagar-6
Koshi Province, Jhapa

*प्रमुख लेखा नीतिहरु, २०८२ असार मसान्त*

| दायित्व | मुख्य व्यवसाय | डेरी व्यवसाय | कृषि व्यवसाय | सहकारी पसल | चिया व्यवसाय | जम्मा |
|---|---|---|---|---|---|---|
| व्युत्पन्न वित्तीय उपकरण | ० | ० | ० | ० | ० | ० |
| सदस्य बचत दायित्व | ११,४०,९०,९८,२१७ | ० | ० | ० | ० | ११,४०,९०,९८,२१७ |
| तिर्न बाँकी कर्जा/सापट | ० | ० | ० | ० | ० | ० |
| आयकर दायित्व | ० | ० | ० | ० | ० | ० |
| पट्टा दायित्व | १४,७०,१५,२४९ | ० | ० | ० | ० | १४,७०,१५,२४९ |
| व्यवस्थाहरु | ० | ० | ० | ६७,२०,८५७ | ० | ६७,२०,८५७ |
| स्थगन कर दायित्व | १,०५,७९,६२९ | ० | ० | ० | ० | १,०५,७९,६२९ |
| मुख्य व्यवसायबाट प्राप्त आन्तरिक लगानी | ० | १४,२८,४२,८७२ | १७,४८,००,१०० | ९,३३,५४,०२३ | १०,०६,८०,७६० | ५१,१६,७७,७५५ |
| अन्य दायित्वहरु | ५९,९६,७०,०७६ | १,७३,१९,८२९ | ४९,६३,२९२ | २,२०,१६,०८४ | १,२१,४६,१८३ | ६५,६१,१५,४६४ |
| पुंजीगत अनुदान कोष | १२,९१,४४० | ३१,५३,३१६ | १,८८,०२,१४६ | ० | ८९,८६,८९१ | ३,२२,३३,७९३ |
| **जम्मा दायित्वहरु** | **१२,१६,७६,५४,६११** | **१६,३३,१६,०१६** | **१९,८५,६५,५३८** | **१२,२०,९०,९६४** | **१२,१८,१३,८३४** | **१२,७७,२४,४०,९६३** |
| **इक्विटी** | | | | | | |
| चुक्ता शेयर पुँजी | १,४४,९०,७९,३०० | ० | ० | ० | ० | १,४४,९०,७९,३०० |
| साधारण जगेडा तथा अन्य कोष | ९२,४२,०८,५८३ | ० | ० | ० | ० | ९२,४२,०८,५८३ |
| अन्य कोषहरु | १७,१२,५९,२४१ | ० | ० | ० | ० | १७,१२,५९,२४१ |
| **कुल इक्विटी** | **२,५४,४५,४७,१२४** | **०** | **०** | **०** | **०** | **२,५४,४५,४७,१२४** |
| **कुल पुंजी तथा दायित्व** | **१४,७१,२२,०१,७३५** | **१६,३३,१६,०१६** | **१९,८५,६५,५३८** | **१२,२०,९०,९६४** | **१२,१८,१३,८३४** | **१५,३१,७९,८८,०८७** |

**ठाकुरप्रसाद सिवाकोटी**
अध्यक्ष
सञ्चालक समिति

**रचना दाहाल**
संयोजक
लेखा सुपरिवेक्षण समिति

**लक्ष्मीप्रसाद उप्रेती**
प्रमुख कार्यकारी
अधिकृत

**सिए गंगाराम बस्नेत**
G.R.B. Associates
Birtamode, Jhapa

४२

NMC coop
Corporate Office : Mechinagar-6
Koshi Province, Jhapa

असल संस्कार र समृद्धिका लागि एनएमसी

# नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

आ. व. २०८२।०८३ का लागि प्रस्तुत

## वार्षिक बजेट तथा कार्यक्रम

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. ले आफ्नो स्थापनादेखि नै अग्रीम रूपमा वार्षिक बजेट तथा कार्यक्रम तय गर्ने र सोही लक्ष्यलाई पूरा गर्ने एक्सन प्लान बनाई आफ्ना वार्षिक गतिविधिहरु सञ्चालन गर्दै आएको छ। वार्षिक बजेट तथा कार्यक्रम निर्माणको सन्दर्भमा वित्तीय सूचाङ्कहरुबिच सन्तुलन कायम राख्दै तथ्यपरक हुनेगरी बजेट निर्माण गरी साधारण सभाबाट स्वीकृत तथा अनुमोदन गराई कार्यान्वयन गर्दै आएको छ। संस्थाको समग्र वार्षिक बजेट तथा कार्यक्रम निर्माणको क्रममा कार्यान्वयन गर्ने सबैभन्दा तल्लो निकायदेखि मस्यौदा एवम् प्रस्तावहरु तयार गर्दै क्रमशः उपल्लो तहबाट परिस्कृत गराउने (Bottom up Approach) र सञ्चालक समितिबाट स्वीकृत गराई सोको अन्तिम स्वीकृतिको लागि साधारणसभामा प्रस्तावको रुपमा एजेन्डा बनाई छलफल गर्ने अभ्यास रहेको छ। यसै अभ्यास अन्तर्गत रही संस्थाको आ.व. २०८२/०८३ का लागि प्रस्ताव गरिएको वार्षिक बजेट तथा कार्यक्रमहरुको सारांस तपसिल बमोजिम रहेको छ। २०८२ असार मसान्तमा भएको वास्तविक तथ्यांङ्कलाइ हजारमा शून्यान्तर गरी राखिएको छ।

१. समग्र संस्थाको कारोबारको आ.व. २०८०/०८१ र आ.व. २०८१/०८२ बिच तुलना

| सम्पत्ति | आर्थिक वर्ष २०८१-८२ | आर्थिक वर्ष २०८०-८१ |
|---|---:|---:|
| नगद मौज्दात | २०,०९,५६,००१ | २०,३३,२५,३४६ |
| बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | २,६३,७३,३३,७९९ | २,२९,७४,५८,४१० |
| अन्तिम मौज्दात (स्टक) | २१,९०,२४,२९३ | २२,१२,१०,७७१ |
| लगानीमा रहेको कर्जा सापट | १०,६२,२७,७७,६०८ | १०,३१,५४,९४,४५३ |
| चालु आ.ब. को कर सम्पत्ति | २,०९,०५,२६१ | - |
| बाह्य लगानी | १,८२,५७,५०० | १,२९,३७,५०० |
| स्थीर सम्पत्ति | ६९,८६,१५,५५० | ६८,६२,२७,७११ |
| ख्याती तथा अमुर्त सम्पत्ति | ४९,६७,८८५ | ६३,२३,७६९ |
| जैविक सम्पत्ति | ५३,४०,९५१ | ६३,४३,९०४ |
| Right of Use (ROU) सम्पत्ति | १४,४९,७९,५९७ | १५,५२,४५,५०५ |
| गैर बैंकिङ सम्पत्ति | - | ८७,१८,५६१ |
| अन्य सम्पत्तिहरु | २३,३१,५१,८८७ | २०,२३,३६,००० |
| कुल सम्पत्ति | १४,८०,६३,१०,३३२ | १४,११,५६,२१,९३१ |

| पुँजी तथा दायित्व | आर्थिक वर्ष २०८१-८२ | आर्थिक वर्ष २०८०-८१ |
|---|---:|---:|
| सदस्यबाट निक्षेप | ११,४०,९०,९८,२१७ | १०,७१,४८,८५,६१० |
| तिर्न बाँकी कर्जा/सापट | - | ५,३०,७६,६४३ |
| आयकर दायित्व | - | ३७,२८,९९६ |
| पट्टा दायित्व | १४,७०,१५,२४९ | १५,७२,८१,१५६ |
| व्यवस्थाहरु | ६७,२०,८५७ | ३२,७६,५५९ |
| स्थगन कर दायित्व | १,०५,७९,६२९ | ९४,५३,६७३ |

| पुँजी तथा दायित्व | आर्थिक वर्ष २०८१-८२ | आर्थिक वर्ष २०८०-८१ |
|---|---|---|
| अन्य दायित्वहरु | ६५,६१,१५,६२८ | ५८,७०,८२,४०३ |
| पुँजीगत अनुदान कोष | ३,२२,३३,७९३ | ३,५४,७१,६३२ |
| जम्मा दायित्वहरु | १२,२६,१७,६३,३७२ | ११,५६,४२,५६,६७२ |
| इक्विटी | | |
| चुक्ता शेयर पुँजी | १,४४,९०,७९,३०० | १,४०,१९,०७,५०० |
| साधारण जगेडा तथा अन्य कोष | ९२,४२,०८,४१९ | ९९,६९,०९,०५९ |
| अन्य कोषहरु | १७,१२,५९,२४१ | १५,२५,४८,७०० |
| कुल इक्विटी | २,५४,४५,४६,९६० | २,५५,१३,६५,२५९ |
| कुल पुँजी तथा दायित्व | १४,८०,६३,१०,३३२ | १४,११,५६,२१,९३१ |

२. समग्र संस्थाको सञ्चालन मुनाफा तुलना : आ.व. २०८०/०८१ र आ.व. २०८१/०८२

| विवरण | आर्थिक वर्ष २०८१-८२ | आर्थिक वर्ष २०८०-८१ |
|---|---|---|
| ब्याज आम्दानी | १,४२,१५,८२,२०९ | १,५५,८८,२९,५१८ |
| ब्याज खर्च | -७६,८३,५७,३३६ | -८६,७९,११,५८४ |
| **खुद ब्याज आम्दानी** | **६५,३२,२४,८७३** | **६९,०९,१७,९३५** |
| बिक्रि आम्दानी | ९८,३९,५४,५३५ | ८६,४४,००,६७७ |
| बिक्रि लागत | -८०,१४,८७,४६० | -६९,९१,४४,३८९ |
| **खुद बिक्रि आम्दानी** | **१८,२४,६७,०७५** | **१६,५२,५६,२८८** |
| **खुद ब्याज तथा बिक्री आम्दानी** | **८३,५६,९१,९४७** | **८५,६१,७४,२२३** |
| अन्य सञ्चालन आम्दानी | ८,९६,२७,५२६ | ८,८०,७०,०७५ |
| **कुल सञ्चालन आम्दानी** | **९२,५३,१९,४७३** | **९४,४२,४४,२९८** |
| सम्भावित नोक्सानी व्यवस्थाहरु | -२१,४२,४९,७५४ | -२,०२,९२,५३९ |
| **खुद सञ्चालन आम्दानी** | **७१,१०,६९,७२०** | **९२,३९,५१,७५९** |
| कर्मचारी खर्च | -३७,८७,७३,३०६ | -३७,९६,८३,८८९ |
| अन्य सञ्चालन खर्च | -२१,२३,९९,२४७ | -२०,५६,१०,१०८ |
| ह्रासकटटी तथा परिशोधन खर्च | -७,३७,७२,०९८ | -६,७९,०६,७७१ |
| **सञ्चालन मुनाफा** | **४,६१,२५,०६७** | **२७,०७,५०,९९०** |
| गैह्र सञ्चालन आम्दानी | १,१६,७९,३१८ | ९८,६६,४१५ |
| गैह्र सञ्चालन खर्च | -१५,१८,४३९ | -१७,४०,६९५ |
| **आयकर अघिको नाफा** | **५,६२,८५,९४६** | **२७,८८,७६,७११** |
| **आयकर खर्च** | **-८१,६६,९७४** | **-२,०६,६०,९७९** |
| चालु आयकर | -७०,४१,०१८ | -२,८०,८८,९७९ |
| स्थगन कर आम्दानी/(खर्च) | -११,२५,९५६ | ७४,२८,००० |
| **खुद नाफा(नोक्सानं)** | **४,८१,१८,९७२** | **२५,८२,१५,७३२** |

३. <u>बचत तथा ऋण व्यवसाय अन्तर्गतको प्रस्ताव :</u>

३.१. निक्षेप कारोबार :

संस्थाको बचत तथा ऋण व्यवसाय अन्तर्गत २०८२ असार मसान्तसम्म रु. ११,४०,९०,९८,००० कुल निक्षेप मौज्दात कायम रहेको हुदाँ चालु आ.व.मा रु.१,००,००,००,००० ले निक्षेप वृद्धि गरी २०८३ असार मसान्तसम्म रु. १२,४०,९०,९८,००० मौज्दात पुऱ्याउने लक्ष्य राखिएको छ ।

३.२. कर्जा कारोबार :

संस्थाको बचत तथा ऋण व्यवसाय अन्तर्गत २०८१ असार मसान्त सम्म रु. ११,१५,७१,२५,००० कुल कर्जा मौज्दात कायम रहेको हुँदा चालु आ.व.मा रु.१,५०,००,००,००० ले कर्जा वृद्धि गरी २०८२ असार मसान्तसम्म रु. १२,६५,७१,२५,००० मौज्दात पुऱ्याउने लक्ष्य राखिएको छ।

३.३. अनिवार्य बचत योजना कार्यान्वयन :

संस्थाको बचत तथा ऋण व्यवसाय अन्तर्गत २०८१ असार मसान्तसम्म कुल ५०,४०२ जना सदस्यहरु (३०.३१%) को अनिवार्य बचत खाता सञ्चालन रहेकोमा चालु आर्थिक वर्षको २०८३ असार मसान्तसम्म ७५,००० सदस्यमा विस्तार गर्ने योजना रहेको छ ।

३.४. डिजिटल बैंकिङ अन्तर्गतको कारोबार :

बचत तथा ऋण व्यवसायमा २०८२ असार मसान्तमा मोबाइल बैंकिङ, एटिएम र क्युआर कारोबार अन्तर्गत क्रमशः ३४,९५४, १२,२४० र ७,८०२ जना सदस्यहरुले सञ्चालन गर्नुभएकोमा चालु आ.व.मा उल्लिखित कारोबारहरुमा क्रमशः ७,०००, २,४०० र १,९०० संख्या थप गर्ने योजना रहेको छ ।

३.५. सञ्चालन मुनाफा :

संस्थाको बचत तथा ऋण व्यवसाय अन्तर्गत आ.व. २०८२/०८३ मा कूल रु.४०,००,००,००० सञ्चालन मुनाफा आर्जन गर्ने योजना प्रस्ताव गरिएको छ ।

४. <u>डेरी व्यवसाय अन्तर्गतको वित्तीय प्रस्ताव :</u>

४.१. कच्चा दुध खरिद योजना :

संस्थाको डेरी व्यवसाय अन्तर्गत गत आ.व. २०८१/०८२ मा संस्थाको सदस्य किसानहरुबाट कूल ४६,५९,८३८ लि दुध खरिद गरिएकोमा चालु आ.व. २०८२/०८३ मा कुल ५२,६३,१३० लि. दुध खरिद गर्ने योजना रहेको छ ।

४.२. बिक्री योजना :

डेरी व्यवसाय अन्तर्गत गत आ.व. २०८१/०८२ मा डेरीका विभिन्न उत्पादनहरु गरी कुल रु. ४६,१८,४८,००० को बिक्री गरिएकोमा आ.व. वर्ष २०८२/२०८३ मा कुल रु.५०,९०,००,००० को बिक्री गर्ने योजना रहेको छ ।

४.३. दुग्ध परिकार उत्पादन विविधिकरण योजना :

डेरी व्यवसाय अन्तरगत आ.व. २०८२/०८३ मा दुग्ध उत्पादन अन्तर्गत साल्टेड बटर, लालमोहन मिठाइ, पास्चराइज्ड नौनी, बोतल मोही, मिठाईका विभिन्न परिकाहरु, आइसक्रिम कुल्फी लगायतका थप परिकारहरु सहित अन्य उत्पादन विविधिकरण गरी बिक्री वितरण योजना रहेको छ ।

४.४. सञ्चालन मुनाफा :

डेरी उद्योग अन्तरगत चालु आ.व. २०८२/०८३ मा कुल रु.२,२६,००,००० सञ्चालन मुनाफा आर्जन गर्ने योजना रहेको छ ।

५. <u>सहकारी पसल व्यवसाय :</u>

५.१. पसल संख्या विस्तार योजना :

सम्भावता अध्ययनका आधारमा इलाम र मोरङ जिल्लामा सहकारी पसल विस्तार गर्ने योजना प्रस्ताव गरिएको छ ।

५.२. कुल बिक्री योजना :

सहकारी पसल व्यवसायको आ.व. २०८१/०८२ मा कुल रु ४२,५८,२३,००० बिक्री भएकोमा आ.व. २०८२/०८३ मा कुल रु ६०,००,००,००० बिक्री गर्ने योजना रहेको छ ।

५.३. अन्य व्यावसायिक योजना :

सहकारी पसल व्यवसायले सदस्य तथा सेवाग्राहीहरुका लागि सदस्य सुविधा योजना, विशेष छुट योजना, होलसेल कार्डको व्यवस्था, उत्कृष्ट खरिद सम्मान कार्यक्रम, लक्की ड्र अफर, अनलाईन सपिङ जस्ता कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्ने योजना रहेको छ ।

५.४. सञ्चालन मुनाफा :

सहकारी पसलको आ.व. २०८२/०८३ मा कुल सञ्चालन नोक्सान रु.५०,००,००० भित्र सीमित रहने योजना तय गरिएको छ ।

६. <u>एनएमसी एग्रो फार्म :</u>

६.१. कृषि एकाइ विस्तार योजना :

एनएमसी एग्रो फार्ममा मुनाफा आर्जन हुन नसक्ने परियोजनाहरु क्रमशः बन्द गर्ने मुनाफा आर्जन गर्न सक्ने परियोजनाहरु सञ्चालन गर्ने योजना रहेको छ । आ.व. २०८२/०८३ मा एग्रो फार्म अन्तर्गत मिनी दाना उद्योग र मल उद्योग सञ्चालन गर्ने योजना तय गरिएको छ ।

६.२. कुल बिक्री योजना :

एनएमसी एग्रो फार्ममार्फत गत आ.व.२०८१/०८२ मा कुल रु.५,३४,१९,००० को उत्पादन तथा सेवा बिक्री गरिएकोमा चालु आ.व.२०८२/०८३ मा रु.६,९६,८७,००० को कुल बिक्री गर्ने योजना रहेको छ ।

६.३. सञ्चालन मुनाफा :

एनएमसी एग्रो फार्म अन्तर्गत चालु आ.व.२०८२/०८३ मा रु.१,७०,००,००० मा सञ्चालन नोक्सानमा सीमित गर्ने योजना गरिएको छ ।

७. <u>एनएमसी चिया व्यवसाय :</u>

७.१. हरियो पत्ती खरिद योजना :

एनएमसी चिया उद्योगले गत आ.व. २०८१/०८२ मा संस्थाको चिया उत्पादक किसान सदस्यहरुबाट कुल ९,५०,००० केजी चिया खरिद गरेकोमा आ.व. २०८२/०८३ कुल ११,३५,००० केजी हरियो पत्ती खरिद गर्ने योजना रहेको छ ।

७.२. चिया उत्पादन बिक्री योजना :

एनएमसी चिया उद्योगले आफ्ना उत्पादनहरुको कुल बिक्री आ.व. २०८१/०८२ मा रु ८,५९,६४,००० गरेकोमा चालु आ.व. २०८२/०८३ मा कुल रु ११,९१,७०,००० को बिक्री गर्ने योजना रहेको छ।

७.३. उत्पादनको विविधिकरण योजना :

एनएमसी चिया उद्योगहरुमध्येबाट उपयुक्त उद्योगमा आ.व. २०८२/०८३ मा अर्ग्यानिक सर्टिफिकेसनको प्रक्रिया सम्पन्न गरी गुणस्तरीय चिया उत्पादन गरी तेस्रो मुलुक निर्यात प्रारम्भ गर्ने योजना रहेको छ। बरबोटेली चिया एकाइमा स्पेस्यालिटी चिया उत्पादन कार्य प्रारम्भ गरिनेछ।

७.४. सञ्चालन मुनाफा :

चिया व्यवसायको आ.व.२०८२/०८३ मा रु. १,२५,००,००० सञ्चालन मुनाफा आर्जन गर्ने योजना रहेको छ।

८. समग्र संस्थाको एकीकृत योजना (आ.व. २०८२/०८३)

| क्र.सं. | विवरण | २०८१।०८२ को | २०८२।०८३ को वृद्धि अनुमान | २०८२।०८३ को अनुमान | वृद्धि % |
|---|---|---|---|---|---|
| १. | कार्यक्षेत्र (जिल्ला) | ३ | - | ३ | ० |
| २. | व्यवसाय संख्या | ५ | - | ५ | ० |
| ३. | सदस्य संख्या | १,६६,२९० | १७,००० | १,८३,८६७ | १०.२२ |
| ४. | सेयर पुँजी | १,४४,९०,८०,००० | १२,३५,००,००० | १,५७,२५,८०,००० | ८.५२ |
| ५. | संस्थागत पुँजी | ८९,४१,९४,००० | १०,४०,०६,००० | ९९,८२,००,००० | ११.६३ |
| ६. | कुल प्राथमिक पुँजी | २,३४,३२,७४,००० | २२,७५,०६,००० | २,५७,०७,८०,००० | ९.७१ |
| ७. | निक्षेप | ११,४०,९०,९८,००० | १,००,००,००,००० | १२,४०,९०,९८,००० | ८.७६ |
| ८. | कर्जा | ११,१५,७१,२५,००० | १,५०,००,००,००० | १२,६५,७१,२५,००० | १३.४४ |
| ९. | भाखा नाघेको कर्जा प्रतिशत | ३.९४ | -०.९४ | ३ | -२३.८६ |
| १०. | उठ्न बाँकी ब्याज रकम | १२,४०,८१,००० | -४,४०,८१,००० | ८,००,००,००० | -३५.५३ |
| ११. | बचत तथा ऋण व्यवसायको सेवाकेन्द्र संख्या | ५९ | - | ५९ | ० |
| १२. | स्थिर सम्पत्ति | ७०,९२,६६,००० | २,९३,०३,००० | ७३,८५,६९,००० | ४.१३ |
| १३. | बाह्य कर्जा | ० | - | ० | ० |
| १४. | कुल सम्पत्ति | १५,३६,५०,६७,००० | १,४९,५८,७२,००० | १६,८६,०९,३९,००० | ९.७४ |
| १५. | हरियो पत्ती खरिद (केजी) | ९,५०,००० | १,८५,००० | ११,३५,००० | १९.४७ |
| १६. | चिया उत्पादन (केजी) | २,२३,००० | २४,००० | २,४७,००० | १०.७६ |
| १७. | तयारी चिया बिक्री (केजी) | २,१८,००० | २९,००० | २,४७,००० | १३.३ |
| १८. | सहकारी पसल संख्या | १७ | २ | १९ | ११.७६ |
| १९. | कच्चा दुध खरिद (लिटर) | ४६,५९,८३८ | ६,०३,२९२ | ५२,६३,१३० | १२.९५ |
| २०. | समग्र आम्दानी | २,५४,१२,१८,००० | ३२,६५,१८,००० | २,८६,७७,३६,००० | १२.८५ |
| २१. | समग्र खर्च | २,४८,०१,९६,००० | २,९४,४०,००० | २,५०,९६,३६,००० | १.१९ |
| २२. | समग्र सञ्चालन नाफा | ६,१०,२२,००० | २९,७०,७८,००० | ३५,८१,००,००० | ४८६.८४ |

९. संस्थाको सामाजिक गतिविधि सम्बन्धी योजना :

संस्थाले आफ्ना सदस्य तथा समुदायमा निर्वाह गर्नुपर्ने सामाजिक उत्तरदायित्व सम्बन्धी क्रियाकलापलाई यस वर्ष पनि निरन्तरता दिइएको छ । विषयगत उपसमितिहरुले योजना गरेको सामाजिक गतिविधि सम्बन्धी कार्यक्रमहरूको आधारमा बजेट विनियोजन गरिएको छ । आर्थिक वर्ष २०८२।०८३ का लागि योजनामा रहेका कार्यक्रमहरूको विवरण तथा खर्च अनुमान :

| क.सं. | गतिविधिहरु | अनुमानित खर्च |
|---|---|---|
| १. | समिति/उपसमिति तथा कर्मचारी तालिम | १७,००,००० |
| २. | अन्य तालिम तथा समारोह | १२,८०,००० |
| ३. | युवा तथा विद्यार्थी सरोकार सम्बन्धी | ६,३०,००० |
| ४. | महिला सशक्तिकरण सम्बन्धी | ३,५५,००० |
| ५. | स्वास्थ्य सम्बन्धी | २,५०,००० |
| ६. | खेलकुद सम्बन्धी | ५,००,००० |
| ७. | सदस्य दिर्घरोग उपचार राहत | ३२,५०,००० |
| ८. | सदस्य प्राकृतिक प्रकोप राहत | ६,००,००० |
| ९. | बाल बचतकर्ता खाता उपहार | १२,५०,००० |
| १०. | बाल बचतकर्ता विद्यालय प्रथम उपहार | ३,००,००० |
| ११. | सदस्य मृत्यु राहत | ३,६५,००,००० |
| १२. | सदस्य शिक्षा खर्च | ३२,०५,००० |
| १३. | सुत्केरी भेटघाट | २१,७०,००० |
| १४. | स्टुडेन्ट सेभिङ क्लब सम्बन्धी | १०,८६,००० |
| १५. | सरसफाइ अभियानसँग सम्बन्धि | ४,६०,००० |
| १६. | बाल बचतकर्ता सम्बन्धी | ७०,५४,००० |
| १७. | समवेदना सम्बन्धी | २८,६८,००० |
| १८. | कलेज स्टुडेन्ट सोसाइटी सम्बन्धी | १,००,००० |
| १९. | दुर्घटना राहत | १५,००,००० |
| २०. | सहयोग तथा अनुदान | ५,००,००० |
| २१. | छात्रवृत्ति सम्बन्धी | ४,००,००० |
| | जम्मा | ६,५९,५८,००० |

तल राखिएको क्यूआर कोड स्क्यान गरी समग्र संस्था, व्यवसाय तथा व्यावसायिक एकाइसहितको पूर्ण बजेट अध्ययन गर्न सकिने छ ।

❄❄❄

# जोखिम भारित सम्पत्ति विवरण

(२०८२ असार मसान्तको विवरणमा आधारित)

| क्र.सं | सम्पत्तिको विवरण | भार | रकम | जोखिम भारित सम्पत्ति |
|---|---|---|---|---|
| १ | रकम मौज्दात | ० | २०,०९,५६,००१ | - |
| २ | सरकारी ऋणपत्रमा गरेको लगानी | ० | - | - |
| ३ | सदस्यको खातामा रहेको बचत धितो राखि प्रवाह गरेको ऋण | ० | ४६,६४,९१,३८१ | - |
| ४ | नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | २० | २,३९,४९,४१,६२४ | ४७,८९,८८,३२५ |
| ५ | इजाजत प्राप्त सहकारी बैंकमा रहेको मौज्दात | २० | २४,२३,९२,१७४ | ४,८४,७८,४३५ |
| ६ | धितोमा अधारित ऋण | १०० | १०,६७,१२,०४,३१६ | १०,६७,१२,०४,३१६ |
| ७ | बिना धितो प्रवाह भएको ऋण | १०० | १,९४,२९,८०८ | १,९४,२९,८०८ |
| ८ | स्थिर सम्पत्ति | १०० | ७०,८९,२४,३८६ | ७०,८९,२४,३८६ |
| ९ | अन्य सम्पत्ति | १०० | ४७,३०,८१,४४२ | ४७,३०,८१,४४२ |
| १० | ऐनले तोकेबमोजिमका अन्य लगानीहरु | १०० | १,८२,५७,५०० | १,८२,५७,५०० |
| ११ | तेस्रो पक्षको धितोमा प्रवाह भएको ऋण | १५० | - | - |
| | **कुल जोखिम भारित सम्पत्ति जम्मा** | | **१५,१९,५६,७८,६३३** | **१२,४१,८३,६४,२११** |

# पुँजीकोष र पुँजीकोष पर्याप्तता अनुपात विश्लेषण

(२०८२ असार मसान्तको विवरणमा आधारित)

| क्र.स | विवरण | २०८२ असार |
|---|---|---|
| **क** | **प्राथमिक पुँजी** | **२,३५,१४,४६,८४५** |
| १ | शेयरपुँजी | १,४४,९०,७९,३०० |
| २ | जगेडा कोष | ८८,२६,९४,४९४ |
| ३ | घाटा पुर्तिकोष | १,९६,७३,०५० |
| ४ | सञ्चित नाफा/नोक्सान | - |
| **ख** | **पूरक पुँजी** | **१०,७१,७४,३२६** |
| १ | सक्रिय ऋणको लागि गरेको ऋण नोक्सानी व्यवस्था (सक्रिय तथा असल कर्जाको %) | १०,७१,७४,३२६ |
| २ | अतिरिक्त ऋण नोक्सानी व्यवस्था (नभएको) | - |
| ३ | सम्पत्ति पुर्नमूल्याँकन कोष (नभएको) | - |
| ४ | स्वतन्त्र जगेडा (नभएको) | - |
| **ग** | **जम्मा पुँजीकोष (क+ख)** | **२,४५,८६,२१,१७०** |
| घ | जोखिम भारित सम्पत्तिको आधारमा कायम हुनुपर्ने न्युनतम पुँजीकोष | |
| | जोखिम भारित सम्पत्तिको आधारमा पुँजीकोषको अनुपात - न्यूनतम ८% | १९.८ प्रतिशत |
| | जोखिम भारित सम्पत्तिको आधारमा प्राथमिक पुँजीकोषको अनुपात - न्यूनतम ४% | १८.९४प्रतिशत |

# पर्ल्स विश्लेषण

२०८२ असार मसान्तको विवरणमा आधारित समग्र संस्थाको पर्ल्स विश्लेषण

| अनुगमन प्रणाली Monitoring System | क्षेत्र Area | PEARLS Ratios पर्ल्स अनुपात | Result प्राप्ती | Goal लक्ष्य | Remarks कैफियत |
|---|---|---|---|---|---|
| PROTECTION सुरक्षण | P1 | १२ महिना भन्दा बढी भाखा नाघेको कर्जाको सुरक्षण व्यवस्था | १००.०० | १००% | राम्रो |
| | P2.1 | ६ देखि १२ महिनासम्म भाखा नाघेको कर्जाको सुरक्षण व्यवस्था | ५०.०० | ५०% | राम्रो |
| | P2.2 | ३ देखि ६ महिनासम्म भाखा नाघेको कर्जाको सुरक्षण व्यवस्था | २५.०० | २५% | राम्रो |
| | P3 | असल कर्जाका लागि छुटयाईएको सुरक्षण व्यवस्था | १.०० | १% | राम्रो |
| Effective Financial Structure प्रभावकारी वित्तीय संरचना | E1 | कुल सम्पत्तिमा कर्जाको अनुपात | ७५.३५ | ७०-८०% सम्म | राम्रो |
| | E2 | कुल सम्पत्तीमा तरल लगानीको अनुपात | १७.८१ | अधिकतम १६% | सुधार गर्नुपर्ने |
| | E5 | कुल सम्पत्तिमा बचतको अनुपात | ७७.०६ | ७०-८० % सम्म | राम्रो |
| | E6 | कुल सम्पत्तिमा बाह्य ऋणको अनुपात | ०.०० | बढीमा ५ % | राम्रो |
| | E7 | कुल सम्पत्तिमा शेयर पुँजीको अनुपात | ९.७९ | १०-२० % सम्म | सुधार गर्नुपर्ने |
| | E8 | कुल सम्पत्तिमा संस्थागत पुँजीको अनुपात | ६.०९ | कम्तीमा ५ % | राम्रो |
| Assets Quality सम्पत्तिको गुणस्तर | A1 | लगानीमा रहेको कर्जामा भाखा नाघेको ऋणको अनुपात | ३.९४ | बढीमा ५% | राम्रो |
| | A2 | कुल सम्पत्तिमा बचत तथा ऋण व्यवसायको आय आर्जन नगर्ने सम्पत्तिको अनुपात | ३.६५ | बढीमा ५% | राम्रो |
| | A3 | संस्थागत पुँजीमा आय आर्जन नगर्ने सम्पत्तिको अनुपात | ५९.८४ | ५०% भन्दा कम | सुधार गर्नुपर्ने |
| Rate of Return प्रतिफल | R7 | प्राथमिक पूँजीमा प्रतिफल | २.०५ | कम्तिमा १८% | सुधार गर्नुपर्ने |
| | R8 | सञ्चालन आत्मनिर्भरता (कर्जामा ब्याज आम्दानी/निक्षेपमा ब्याज खर्च) | १७५.७४ | १००% भन्दा बढी | राम्रो |
| | R9 | औसत कूल सम्पत्तिमा बचत तथा ऋण व्यवसायको सञ्चालन खर्चको अनुपात | ३.१५ | वार्षिक ५% सम्म | राम्रो |
| Liquidity तरलता | L2 | बचतमा तरलताको अनुपात | २४.८८ | १०-२० % सम्म | सुधार गर्नुपर्ने |
| | L3 | कुल सम्पत्तीमा नगदको अनुपात | १.३६ | बढीमा १% | सुधार गर्नुपर्ने |
| Growth वृद्धि | S10 | सदस्य संख्या वृद्धि | -०.९७ | कम्तीमा १२ % | सुधार गर्नुपर्ने |
| | S11 | सम्पत्तीमा वृद्धि | ४.८९ | कम्तीमा मुद्रा सफिती दर | राम्रो |

# विषयगत उपसमितिहरूको तर्फबाट सम्पन्न कार्यक्रम तथा सामुदायिक गतिविधि सम्बन्धी विवरण

१. सामुदायिक गतिविधि : संस्थाले आफ्ना सदस्य तथा सदस्य परिवारमा विभिन्न किसिमका राहत, उपचार खर्च, पुरस्कार तथा सम्मान लगायतका गतिविधिहरु सञ्चालन गर्दै आएको छ । यसैगरी सामाजिक सचेतनाका तथा ऐक्यबद्धताको विकासका लागि समेत विभिन्न अभियानहरु सञ्चालन गर्दै आएको छ । आर्थिक वर्ष २०८१/०८२ मा संस्थाद्वारा सम्पन्न सामुदायिक गतिविधिहरु तथा अभियानजन्य गतिविधिहरु निम्न अनुसार रहेका छन् :

| क्र.सं. | शीर्षक | लाभान्वित सदस्य | रकम रु. |
|---|---|---|---|
| १. | मृत्यु राहत | २०२३ जना | ३,३१,८६,७८५ |
| २. | शुद्धयाइँ खर्च | ११९१ जना | १,१९,१०,००० |
| ३. | बाल बचतकर्तालाई जन्मदिनमा उपहार | १७,४५७ जना | ५२,१०,०५८ |
| ४. | ज्येष्ठ सदस्य सम्मान | १०५० जना | ५२,५०,००० |
| ५. | दीर्घरोग उपचार सहयोग | १०९ जना | २५,८८,७५० |
| ६. | समवेदनामा उपस्थिति | ४,३५६ जना | २१,४६,६१० |
| ७. | सुत्केरी सदस्य भेटघाट र उपहार | १,५४४ जना | १४,७८,०५७ |
| ८. | दुर्घटना उपचार सहयोग | ३७ जना | ७,४४,०७५ |
| ९. | सामुदायिक क्याम्पसका विद्यार्थीलाई छात्रवृत्ति | १२ क्याम्पस | १,४४,००० |
| १०. | प्राकृतिक प्रकोपमा सहयोग | ४९ जना | ३,५२,४०० |
| ११. | बालबचतकर्ता विद्यालय प्रथम पुरस्कार रकम | ३८ | १,९०,००० |
| १२. | स्टुडेन्ट सेभिङ कार्यक्रम सञ्चालित विद्यालयलाई शैक्षिक सामग्री प्रदान | २३ | १,१५,००० |
| | जम्मा | | ६,३३,१५,७३५ |

२. विषयगत उपसमितिद्वारा सम्पन्न कार्यक्रम : संस्थाअन्तर्गत विषयगत उपसमितिको रूपमा परिभाषित शिक्षा तथा तालिम उपसमिति, महिला सशक्तिकरण उपसमिति, स्वास्थ्य उपसमिति, खेलकुद उपसमिति, युवा तथा विद्यार्थी उपसमिति र ज्येष्ठ नागरिक सरोकार उपसमिति (जम्मा ६ वटा विषयगत उपसमिति) को तर्फबाट आआफ्नो वार्षिक क्यालेन्डर तय गरी विभिन्न मितिमा कार्यक्रमहरु सम्पन्न भएका छन् । आर्थिक वर्ष २०८१।०८२ मा विषयगत उपसमितिहरूको आयोजनामा सम्पन्न कार्यक्रमहरुको सङ्क्षिप्त विवरण यसप्रकार रहेको छ :

| क्र.सं. | विवरण | आयोजक | सहभागी संख्या | खर्च |
|---|---|---|---|---|
| १ | सेवाकेन्द्र प्रमुखस्तरीय अभिमुखिकरण | CMT | ८१ | १,०८,५०४ |
| २ | सदस्य सहजकर्ता अभिमुखिकरण कार्यक्रम | शिक्षा तथा तालिम | ८१ | ८१,८५० |
| ३ | लक्ष्यमा आधारित कार्यादेश हस्तान्तरण तथा अभिमुखीकरण | पदाधिकारी समिति | ३१ | ४५,१११ |
| ४ | सदस्य सहजकर्ता अभिमुखिकरण कार्यक्रम | शिक्षा तथा तालिम | २७८ | ३,११,५७० |
| ५ | समावेशी तीज | महिला सशक्तिकरण | ६०१ | १,१२,५२४ |
| ६ | कर्मचारी हाजिरीजवाफ प्रतियोगिता | युवा तथा विद्यार्थी सरोकार | ८३५ | २,८१,२०७ |

| क्र. सं. | विवरण | आयोजक | सहभागी संख्या | खर्च |
|---|---|---|---|---|
| ७ | ज्येष्ठ नागरिक सम्मान | ज्येष्ठ नागरिक सरोकार | १०५० | ५५,२६,३१६ |
| ८ | सेवाकेन्द्रगत उपसमितिस्तरीय कर्जा विश्लेषण तालिम | शिक्षा तथा तालिम उपसमिति | २९१ | २,२१,०१३ |
| ९ | १ दिवसीय उद्घोषण तालिम | महिला सशक्तिकरण | ३५ | ३५,४१० |
| १० | लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान | महिला सशक्तिकरण | ८५ | ३३,४०२ |
| ११ | स्वास्थ्य मानसिक सचेतनामुलक कार्यक्रम | स्वास्थ्य उपसमिति | ९५ | १८,९४० |
| १२ | दुई दिवसीय आधारभूत हार्डवेयर तथा नेटवर्किङ तालिम | शिक्षा तथा तालिम उपसमिति | ३१ | २६,०५५ |
| १३ | प्रशिक्षक प्रशिक्षण तालिम (TOT) | शिक्षा तथा तालिम उपसमिति | ७४ | १,३४,८५५ |
| १४ | Health Harmony | स्वास्थ्य उपसमिति | ५३ | १,००० |
| १५ | Sales & Marketing Skill कार्यक्रम | शिक्षा तथा तालिम उपसमिति | ६१ | ४१,९५० |
| १६ | महिला फुटसल प्रतियोगिता | खेलकुद उपसमिति | १०० | ९०,५२० |
| १७ | समितिस्तरीय पुनतार्जगी तथा ट्रेकिङ | महिला सशक्तिकरण उपसमिति | १०१ | ४६,२०५ |
| १८ | प्रधानाध्यापक अन्तरक्रियात्मक कार्यक्रम | युवा तथा विद्यार्थी सरोकार उपसमिति | २८ | १५,१४७ |
| १९ | कर्मचारीस्तरीय भलिबल प्रतियोगिता | खेलकुद उपसमिति | १३५ | १,१८,१६६ |
| २० | अन्तर मावि हाजिरीजवाफ प्रतियोगिता | युवा तथा विद्यार्थी सरोकार उपसमिति | १४५ | २२,४१२ |
| २१ | अन्तरसहकारी सुपरसिक्स क्रिकेट प्रतियोगिता | खेलकुद उपसमिति | ९८ | १,२९,८०८ |
| २२ | NFRS कार्यशाला | कर्पोरेट कार्यालय | ३४ | १,७१,४१७ |
| २३ | सहकारी ऐन, कानुनसँग सम्बन्धित अभिमुखिकरण | सञ्चालक समिति | ५३ | १,०३,२५० |
| २४ | कर्मचारी उत्प्रेरणामुलक कार्यक्रम | शिक्षा तथा तालिम | ११५ | १८,०९१ |
| २५ | समग्र संस्थाको कारोबार समीक्षा कार्यक्रम | सञ्चालक समिति | ८५ | १,०८,६५७ |
| २६ | बुद्धिचाल प्रतियोगिता | खेलकुद उपसमिति | १३ | २७,४६४ |
| २७ | निशुल्क आखा शिविर | स्वास्थ्य उपसमिति | ४०६ | २७,९९० |
| २८ | सेवाप्रवेश अभिमुखिकरण कार्यक्रम | शिक्षा तथा तालिम | ५२ | ३२,८०० |
| २९ | रणनीतिक योजना समीक्षा कार्यक्रम | सञ्चालक समिति | ३९ | ३४,९३० |
| | | जम्मा | ५०८६ | ७९,२६,५६४ |

३. कर्मचारीस्तरीय हाजिरीजवाफ प्रतियोगिता :

युवा तथा विद्यार्थी उपसमितिको आयोजनामा आ.व. २०८१/०८२ मा सम्पन्न भएको कर्मचारीस्तरीय हाजिरीजवाफ प्रतियोगितामा तपसिल अनुसारको अन्तिम नतिजा प्राप्त भएको छ।

| स्थान | समूहको नाम |
|---|---|
| प्रथम | कर्पोरेट+बचत तथा ऋण प्रधान कार्यालय |
| दोस्रो | इलाम क्षेत्र |
| तेस्रो | कनकाइ रतुवा ख क्षेत्र |

❄❄❄

## सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कानुन पालना

सम्पत्ति शुद्धिकरण निवारण ऐन २०६४ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी तयार भएको सम्पत्ति शुद्धिकरण निवारण नियमावली २०७३ लाई आधार मानी जारी भएको सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी सहकारी संस्थालाई जारी निर्देशन २०७४, संसोधन २०८१ ले दिएको मार्गदर्शन बमोजिम संस्थाले सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी आन्तरिक कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याएको छ । संस्थाले सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी कानुनको पालना जोखिममा आधारित भएर गर्न/गराउन, संस्थालाई आपराधिक कार्य तथा गैरकानुनी आर्जनको शुद्धिकरण हुने माध्यमका रूपमा प्रयोग हुनबाट जोगाउन, मुलुकको अपराधविरुद्धको अभियानलाई सहकारी क्षेत्रबाट सहयोग पुऱ्याई अपराध नियन्त्रण र सुशासन कायम गर्ने अभियानलाई टेवा पुऱ्याउन र सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी संस्थाले गर्ने/गराउनुपर्ने कार्य प्रभावकारी बनाउनका लागि सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी आन्तरिक कार्यविधि २०७५ (संसोधन २०८२) को कार्यान्वय गरेको छ। विशेष गरी आपराधिक क्रियाकलाप र राजस्व छलीबाट आर्जित सम्पत्तीको शुद्धिकरण गर्न संस्थालाई प्रयोग हुन नदिन हदैसम्मको सावधानी अपनाउँदै कारोबार गरिदै आएको छ ।

सदस्यको बृहत् पहिचान, जोखिम वर्गीकरण, सदस्यहरुको कागजात व्यवस्थापन, वास्तविक धनीको पहिचान, विप्रेषण कारोवार गर्ने सदस्यको पहिचान तथा सम्पुष्टि, कारोबारको अनुगमन र असामान्य कारोबार, सिमा कारोबारको नियमित रिपोर्टिङ आदि जस्ता कार्यहरु संस्थाको तर्फबाट नियमित रुपमा गरिदै आइएको छ । सदस्यहरुबाट निक्षेप लिँदा रकमको स्रोत स्पष्ट खुलाई लिइने गरिएको छ । रु. १ लाख वा सोभन्दा माथिको नगद भुक्तानी गर्दा भुक्तानी लिन आउने व्यक्तिको आधिकारिक परिचयपत्रको प्रतिलिपि लिने व्यवस्था गरिएको छ ।

